# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १९२ | काठमाडौं | बुधबार, २६ कात्तिक २०८२ | Prabhab National Daily | Wednesday, 12 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


# अन्योलमा फस्यो कांग्रेस



- महाधिवेशनको कार्यतालिका ल्याउने विषय अन्योलमा
- संसद् पुनर्स्थापनासम्बन्धी मागको विषय अन्योलमै
- निर्वाचनमा जाने कि नजाने भन्ने विषयमा पनि अन्योल
- केन्द्रीय समितिमा सदस्यहरूको व्यक्तिपिच्छेको धारणा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** असोज २८ देखि सुरु भएको नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक अझै सकिएको छैन। मंगलबार १३ जनाले बोलेपछि बैठक आज (बुधबार)सम्मका लागि स्थगित गरियो।

मंगलबारसम्म बोलेका नेताहरूले व्यक्तिपिच्छे धारणा राखेका छन्। १६७ सदस्यीय केन्द्रीय सदस्यमा १३३ जनाले आफ्नो धारणा राखिसकेका छन्। केन्द्रीय सदस्यहरूको धारणा सुन्दा एजेण्डाबाट निकै पर बरालिएको छ। कांग्रेसले खासमा १५औं महाधिवेशनको मिति तोक्न यो बैठक आयोजना गरेको हो। तर केन्द्रीय समितिले सुरुमा यो विषय एजेण्डा नै बनाउन सकेन।

सभापति शेरबहादुर देउवाले असोज २८ गते सम्बोधन गरेर कार्यवाहकको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिए। त्यसपछि असोज ३१ देखि बैठक सुरु भयो। बीचमा तिहार र छठका कारण केही समय बैठक अवरुद्ध भयो।

बैठकको सुरुमा कांग्रेस नियमित महाधिवेशन गर्ने कि विशेष महाधिवेशन गर्ने भन्ने प्रश्नमै अल्झियो। किनकि, विधानअनुसार आउँदो मंसिरमा कांग्रेसको १५औं महाधिवेशन गर्नैपर्छ। तर क्रियाशील सदस्यता विवाद अझै टुंगो लागेको छैन। कांग्रेसमा महाधिवेशन गर्न क्रियाशील सदस्यता सुल्झिनुपर्छ। क्रियाशील सदस्यता व्यवस्थापन समितिको संयोजकमा महामन्त्री गगन थापा छन्। सभापति शेरबहादुर देउवापक्षका नेताहरूले सहयोग नगरेका कारण क्रियाशील सदस्यता विवाद सल्टिन नसकेको थापाको आरोप छ।

क्रमशः पृष्ठ २ मा

## निर्णय गर्न देउवाको खोजी

कार्यवाहक सभापति पूर्णबहादुर खड्का सबै पक्षलाई मिलाउन लागिपरेका छन्। तर यो भद्रगोल नमिल्ने देखिएपछि शेरबहादुर देउवानिकट नेताहरूले सभापति देउवाको खोजी गरेका हुन्। आज (बुधबार) वा भोलि बिहीबार केन्द्रीय समितिको निर्णय सार्वजनिक गर्ने तयारीमा खड्का लागेका छन्।

तर अहिले तत्काल निर्णय नगर्न विमलेन्द्र निधि, डा. शशांक कोइराला, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, प्रवक्ता डा. प्रकाशशरण महतलगायतले आग्रह गरेका छन्। उनीहरूले देउवा शुक्रबार नै काठमाडौं आइपुग्ने तालिका रहेको भन्दै निर्णय लम्ब्याउन आग्रह गरेका हुन्। 'सभापति शुक्रबार उड्ने भन्ने छ। त्यसैले केही समय निर्णय होल्ड गरौं,' कार्यवाहक सभापतिसँग उनीहरूले भनेका थिए।

क्रमशः पृष्ठ २ मा

# 'एसएमसी अर्निङ एप'को ठगीधन्दा

## १५ लाख प्रयोगकर्ताबाट अर्बौं ठगिएको आशंका

- अधिक कमाइ हुने भन्दै गैरकानुनी 'एसएमसी अर्निङ एप'मा तीनदेखि दुई करोड १० लाख रूपैयाँसम्मको प्याकेजमा लगानी गर्न लगाएर कर नतिरेको बहानामा एप नै निष्क्रिय
- केही लगानीकर्तालाई एक करोड लगानी गरेमात्रै यसअघिको लगानी र कमिसन निकासायोग्य बनाउन मिल्ने एपबाट जानकारी
- केवानदेखि केनाइनसम्मको थरीथरी प्याकेज
- सहरदेखि गाउँसम्मै एसएमसी एपका लगानीकर्ताहरु पीडित
- प्रहरीमा उजुरी दिन डराए पीडित

■ **जेबी योञ्जन**




**काठमाडौं–** साउनको अन्तिमतिर पाँचथरको फालेलुङ गाउँपालिका–२ एकतीनका छवि काफ्ले 'एसएमसी अर्निङ एप'मा जोडिए। उनले एपको केथ्री प्याकेजमा ३३ हजार ८०० रूपैयाँ लगानी गरे।

दैनिक १५ पटक भिडियो हेर्नुपर्ने र त्यसो गरेबापत दैनिक एक हजार १४० रूपैयाँको दरले गर्दा वार्षिक चार लाख १६ हजार १०० रूपैयाँ आम्दानी हुने प्रलोभन देखाइएको थियो। छिटो पैसा कमाउने लोभमा उनले त्यसै गरे। कमाइ हुँदै गयो। अचानक मंगलबार बिहान भने नौ हजार ४६४ रूपैयाँ कर तिर्नुपर्ने सन्देश आयो। एप निष्क्रिय भयो।

उनका अनुसार करबारे यसअघि एसएमसीकी अन्ना भन्नेसँग एपका विभिन्न प्याकेजमा लगानी गरेकाहरूले ह्वाट्सएपमा कुरा गरेका थिए। त्यहाँ आफूहरू स्थायी लेखा नम्बर (पान)मा कर तिर्न तयार रहेको तर त्यसो नभए नतिर्ने भनेर बहिष्कारको पक्षमा उभिएको बताए। केही एप प्रयोगकर्ताहरूले भने करबापतको रकम सोमबार साँझ बुझाए। उनीहरूले बुझाएको कर मंगलबार बिहान वालेटमै फिर्ता भयो। वालेटबाट सबै पैसा निकाल्न एसएमसीले दियो।

तर, काफ्लेले पाएनन्। उनी भन्छन्, 'मेरो पाँच लाख रूपैयाँभन्दा बढी देखाउँछ तर एक करोड रूपैयाँ पुग्दामात्रै निकाल्न मिल्ने भनेर देखायो। एक लाख १० हजार रूपैयाँको के-फोर प्याकेजमा लगानी गर्नेलाई ८५ हजार ४०० रूपैयाँ जम्मा गर्नू भन्यो। जम्मा गर्नुपर्ने खाताको नाम सविता तामाङ, कुमारी बैंक भन्ने आउँछ। नतिरे अकाउन्ट नै फ्रिज हुन्छ भन्यो।'

काफ्ले गाउँकै पञ्चमुखी बजारमा हार्डवेयर पसलका सञ्चालक हुन्। सजिलै पैसा कमाइ हुने प्रलोभनले उनी एसएमसी एपमा जोडिए, जसले उनलाई डुबाइदियो। मंगलबार बिहान काठमाडौंको कागेश्वरी नगर अस्पतालमा सुरक्षा गार्ड रहेकी नाम खुलाउन नचाहने महिलाको होस् उड्यो। आत्तिँदै उनले भनिन्, 'ल ! के भन्छ यहाँ ? डुबें म अब... छोरो पनि डुब्यो।'

अघिसम्म नाम टिपोट गर्दै बिरामीहरूलाई लहरै बसाउँदै गरेकी उनी मोबाइलमा एसएमसीले पठाएको सन्देशले तनावमा परिन्। कारण, एसएमसीमा उनले २५ हजार रूपैयाँ गुमाइन्। छोराले १० हजार रूपैयाँ। अनि, एमएमसी एप चल्दै चलेन।

एप नचल्ने हुनुअघि आएको एसएमसीको सन्देशअनुसार उनले कर तिरिनन्। कर तिर्नुपर्ने अवधि १२ नोभेम्बर (आज मध्याह्न) सम्म हो। तर, एक दिनअघि नै कर तिर्न सन्देश जारी गरेको एप ठप्प भयो। उनलाई नौ हजार ४६४ रूपैयाँ कर तिर्नुपर्ने भनिएको थियो। नतिरे एसएमसी एपको कार्य खाता (टास्क अकाउन्ट) फ्रिज गर्ने चेतावनी थियो। यस्तो चेतावनीपूर्ण सन्देशपछि उनको र छोराको खाता चलेन।

ती सुरक्षा गार्डलाई एसएमसी एपमा जोडिदिने सोही एपसँग आबद्ध भनिएका दुई जना थिए। उनले दुवैको नाम बिर्सिइन्। तर, उनीहरूले त्यसबेला भनेको सम्झिइन्, 'यो पैसा राम्रो कमाइ गर्न सकिने एप हो। कमाउन सजिलो पनि छ। तपाईंले प्याकेजमा काम गर्न मिल्छ। गर्नुहोस्, टास्क गर्नुहोस्। अर्को महिना दोब्बर हुन्छ। मन लागेको बेला निकाल्न सक्नुहुन्छ। हेर्नुहोस्, यसरी निकाल्न मिल्छ।'

ती सुरक्षा गार्ड उनीहरूको विश्वास र प्रलोभनमा परिन्। केटु प्याकेजमा लगानी गरिन्। यसअन्तर्गत लगानी गर्नुपर्ने नौ हजार ९०० रूपैयाँ हो। यो प्याकेजमा दैनिक कमाइ ३३० रूपैयाँ हुने भन्ने छ। त्यति कमाउन १० पटक एसएमसीको प्रचारात्मक भिडियो हेर्नुपर्ने बताइन्थ्यो। हरेक भिडियो सेयर गर्दा ३३ रूपैयाँ कमाइ हुने उल्लेख थियो। नभन्दै कमाइ भयो। त्यसरी उनको अढाइ महिनामा २५ हजार रूपैयाँ भएको थियो, जुन डुब्यो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# म्यानपावर अनुगमनमा आर्थिक 'चलखेल'को आरोप

## विभागले भन्यो– तथ्यहीन आरोप, प्रमाण भए बुझाउनू

■ **ममता थापा**

**काठमाडौं–** म्यानपावर कम्पनीको अनुगमन गर्ने नाममा वैदेशिक रोजगार विभागका कर्मचारी आर्थिक लाभ लिन लागिपरेको वैदेशिक रोजगार व्यवसायीहरूले आरोप लगाएका छन्। अनुगमनमा गएर कागजात नियन्त्रणमा लिने र आर्थिक लाभ लिएर फिर्ता गर्ने गरेको उनीहरूको दाबी छ।

विभागबाट हालै भएको अनुगमनका क्रममा मापदण्ड पालना नगरेको भन्दै केही संस्थाको कागजात नियन्त्रणमा लिएको थियो। अनुगमनमा परेका ती व्यवसायी मंगलबार विभाग पुगेर कर्मचारीबाट अनावश्यक दुःख दिने काम भएको भन्दै विरोध जनाएपछि कागजात फिर्ता गरिएको एक व्यवसायीले बताए।

'संस्थाको त्रुटि नभए पनि अनुगमनमा आएका विभागका कर्मचारीले पैसामा मिलाउन सकिने प्रस्ताव गर्छन्,' ती व्यवसायीले प्रभावसँग भने, 'विगतमा पनि व्यवसायीसँग लाखौं माग्ने गरेका थिए, त्यो प्रवृत्ति अझै हटेन।'

अनुगमनमा खटिएका कर्मचारीले रकमको बार्गेनिङ गर्न त्रुटि नै नभए पनि पासपोर्ट तथा अन्य कागजात लिएर हिँड्ने गरेको उनले आरोप लगाए।

यता विभागले भने व्यवसायीहरूको आरोप अस्वीकार गरेको छ। विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले कर्मचारीले बदमासी गरेको प्रमाणसहित आए कानुनबमोजिम कारबाही गर्ने बताए। 'यो आरोपमा सत्यता छैन। मैले कर्मचारीहरूलाई सचेत गराएको छु। त्यस्तो गरेका पनि छैनन्,' भट्टराईले भने, 'कर्मचारीले यस्तो गरेको रहेछ भने प्रमाणसहित आउन आग्रह गर्छु। ठाउँको ठाउँ कानुनबमोजिम कारबाही हुन्छ।'

कतिपय व्यवसायीहरूमा मनपरि गरिरहन पाए हुन्थ्यो भन्ने मानसिकता रहेकाले यस्ता विषयहरू आइरहने उनको भनाइ छ। तोकिएको मापदण्ड पालना गर्ने व्यवसायीलाई अनुगमनको डर नहुने भट्टराईले बताए। 'अनुगमन गर्न नआए हुन्थ्यो, मनपरि गरिरहन पाए हुन्थ्यो भन्ने व्यवसायीको मनसाय होला।

क्रमशः पृष्ठ २ मा



व्यवसायीले पालना गर्नुपर्ने ५१ बुँदे मापदण्ड बनाएर पठाएको छ। 'अप टु डेट' भएर बस्ने व्यवसायीहरूलाई हप्तैपिच्छे अनुगमन भए पनि समस्या हुँदैन।

■ **कमलप्रसाद भट्टराई**
**महानिर्देशक, वैदेशिक रोजगार विभाग**

संस्थाको त्रुटि नभए पनि अनुगमनमा आएका विभागका कर्मचारीले पैसामा मिलाउन सकिने प्रस्ताव गर्छन्। विगतमा पनि व्यवसायीसँग लाखौं माग्ने गरेका थिए, त्यो प्रवृत्ति अझै हटेन।

■ **व्यवसायी**

## मंसिर सुरूबाटै कोरियन भाषा परीक्षा

**काठमाडौं (प्रस)–** आगामी मंसिर महिनाको सुरुआतबाटै कोरिया रोजगारीमा जान चाहनेहरूका लागि भाषा परीक्षा सञ्चालन हुने भएको छ। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जारी गरेको सूचनाअनुसार मंसिर १ गतेदेखि परीक्षा सुरु हुने छ।

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत उत्पादनमूलक क्षेत्रतर्फ रोजगारीमा जान चाहनेहरूका लागि मंसिर १ गतेदेखि परीक्षा सञ्चालन हुने शाखाको सूचनामा उल्लेख छ। हरेक दिन बढीमा चार सिफ्टमा सञ्चालन हुने परीक्षा माघको २७ गतेसम्म चल्ने जानकारी दिइएको छ।

सूचनामार्फत शाखाले परीक्षार्थीहरूले पालना गर्नुपर्ने विभिन्न नियमहरू पनि उल्लेख गरेको छ। परीक्षार्थीहरूलाई परीक्षामा सहभागी हुनुभन्दा एक दिन अगाडि शाखामा पुगेर बायोमेट्रिक गर्नुपर्ने भनिएको छ। उक्त बायोमेट्रिक परीक्षा हुने दिनमा रुजु गरिने जनाइएको छ। यसका लागि परीक्षाको समयभन्दा दुई घण्टा अगाडि परीक्षा केन्द्रमा उपस्थित हुन सूचनामार्फत भनिएको छ। बायोमेट्रिक प्रमाणीकरणपछि अधिमुखीकरण गरेर मात्र परीक्षामा सहभागी हुन पाइने शाखाले जनाएको छ। भाषा परीक्षा ललितपुरको भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा हुने छ।

कृषि तथा उत्पादनमूलक क्षेत्रका लागि कूल एक लाख दुई हजार ५६४ जनाले आवेदन दिएको शाखाले जानकारी दिएको छ। जसमध्ये उत्पादनतर्फ तीन हजार ५०० र कृषि तथा पशुपालनतर्फ एक हजार ८०० जनाको कोटा निर्धारण गरिएको छ।

# अघि बढे कुलमान

## 'उज्यालो नेपाल पार्टी' दर्ता प्रक्रियामा, प्रारम्भिक कमिटी ५१ सदस्यीय

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** ऊर्जामन्त्री कुलमान घिसिङ अन्ततः 'उज्यालो नेपाल पार्टी' लिएर राजनीतिमा अघि बढ्ने भएका छन्। यसअघि गत साउन २७ गते ज्ञानेन्द्र तामाङको अध्यक्षतामा निवेदन परेको उक्त दलको नाम र केन्द्रीय समिति अद्यावधिकका लागि मंगलबार साँझ निर्वाचन आयोगमा निवेदन परेको हो।

कूलमान समर्थित पार्टीको अध्यक्षमा पूर्वऊर्जासचिव इञ्जिनियर अनुपकुमार उपाध्ययलाई प्रस्ताव गरिएको छ। पार्टीको प्रारम्भिक कमिटीमा ५१ जनाको नाम प्रस्ताव गरिएको छ। दलको चुनाव चिह्न चिम (बल्ब) प्रस्ताव गरिएको छ। यसअघि ज्ञानेन्द्र तामाङ अध्यक्ष रहनेगरी निवेदन पेस भएकोमा उनलाई केन्द्रीय सदस्यमा समेटिएको छ।

उज्यालो नेपालमा सुदूरपश्चिमका स्वतन्त्र सांसद ताराप्रसाद जोशी पनि समेटिएका छन्। उनले नेकपा एकीकृत समाजवादीबाट विद्रोह गरी डडेलधुराबाट चुनाव जितेका थिए। त्यस्तै अन्तरिम सरकारमा मन्त्री बन्न रोकिएकी टासी ल्हाज्जोम पनि आयोगमा बुझाइएको केन्द्रीय सदस्यको सूचीमा छिन्। यद्यपि, उनले सामाजिक सञ्जालमार्फत आफू कुनै पनि पार्टीमा आबद्ध नभइसकेको जानकारी दिएकी छन्।

- पूर्वऊर्जासचिव अनुपकुमार उपाध्ययको अध्यक्षतामा दल दर्ता गरिँदै
- प्रारम्भिक कमिटीमा समेटिएन कुलमानको नाम
- चुनाव चिह्न चिम (बल्ब) प्रस्ताव
- रास्वपा छाडेकी पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठ र हामी नेपालका संयोजक सुदन गुरुङले कुलमानसँग छुट्टिए

केन्द्रीय सदस्यमा यसअघि काठमाडौंको उपमेयरमा स्वतन्त्र उम्मेदवार बनेर राम्रो मत ल्याएकी विद्या श्रेष्ठ महर्जन, एमालेबाट काभ्रेको चौंरीदेउराली गाउँपालिका अध्यक्षमा उम्मेदवार बनेर हारेका गैरसरकारी संस्था महासंघका पूर्वअध्यक्ष जितराम लामा, सुशीला कार्कीनिकट अभियन्ता डा. अभिशेषकुमार सिंह, राजनीतिक अभियन्ता श्री गुरुङ, पहिचानवादी राजनीतिकर्मी डा. महेन्द्र लावती, डेकेन्द्र थेगिम, नेपाल रेडक्रस सोसाइटीका पूर्वकेन्द्रीय अध्यक्ष डा. विशाल भण्डारी पनि छन्।

त्यसैगरी अघिल्लो चुनावमा नागरिक उन्मुक्तिबाट समानुपातिक उम्मेदवार रहेकी गायिका तुलसा वाइबा पनि केन्द्रीय सदस्यमा समेटिएकी छन्।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## एसएमसी...

तोलाका तोला सुन बेच्दै कतिपयले एपमा जोडिएर महँगा प्याकेजमा लगानी गरेको बताइन्छ । उनीहरू मंगलबार ठगिए । ठगिनेहरू देश र विदेशमासमेत रहेको खुलेको छ । आइतबार ह्वाट्सएपमा खोलिएको 'सिएमसी ए २१८ ग्रुप'मा छलफल हुँदा १५ लाख मानिस एपको विभिन्न प्याकेजमा लगानीकर्ता रहेको विवरण अन्नाले सुनाएकी थिइन् । उनी उक्त ग्रुपकी एडमिन हुन् ।

अन्नाकै भनाइलाई आधार मान्ने हो भने १५ लाख लगानीकर्ताले केवान प्याकेजमामात्रै लगानी गर्दा चार अर्ब ५० करोड रूपैयाँ हुन्छ । तर, एपमा जोडिएका धेरैले छोटो समयमा बसेरै टन्न पैसा कमाउने लोभमा परेर ठूलो रकमको प्याकेजमा लगानी गरेका थिए । त्यसो हुँदा एसएमसी एपबाट ठगिएको रकम अझ बढी हुने अनुमान गरिएको छ ।

देशको सहरी क्षेत्रदेखि गाउँ-गाउँसम्म यो एपबाट ठगिनेहरू रहेको पाइएको छ । तर, ठगिनेहरूले प्रहरीमा एप सञ्चालकविरुद्ध ठगीसम्बन्धी कसुरमा उजुरी दिन आँट गरेका छैनन् । उजुरी दिँदा आफैं गैरकानुनी कारोबारमा संलग्न भएको भन्दै प्रहरीको फन्दामा परिने डर उनीहरूमा देखिएको छ । एक जना पीडितले प्रभावसँग भने, 'एसएमसीले त ठग्यो ठग्यो, त्यसमा म पनि दोषी छु नि । कम्तीमा कमाइ हुने लोभले जुन प्लाटफर्ममा लगानी गरें, त्यो गलत थियो । अनि, प्रहरीमा उजुरी दिए मलाई पनि अप्ठेरो पर्दैन ?'

ठगी प्रयोजनका लागि बनाएको यो एप गत साउनको तेस्रो सातादेखि सञ्चालनमा आएको देखिन्छ । टिकटक, युटचुब, फेसबुकलगायत सामाजिक सञ्जालका सबै माध्यममा त्यसबेलादेखि नै मोबाइल भएकाहरूले दैनिक दुई-तीन हजार रूपैयाँसम्म कमाउन सकिने भनेर आक्रमक प्रचार गरेको पाइएको छ । सामाजिक सञ्जालका धेरै प्रयोगकर्ताहरूले एपमा जोडिन इच्छुक रहेको भन्दै कमेन्ट बक्समा 'एस' लेखेका थिए । एपमा जोडिएपछि मेन वालेट र त्यहाँ रिचार्ज गर्नेबारे ग्राफिक्समार्फत प्रस्टचाइएको थियो । प्याकेजअनुसार टास्क पूरा गरेपछि प्राप्त कमिसन र लगानी निकाल्न मिल्नेबारे जानकारी उल्लेख थियो ।

एसएमसी नेपाल नामक टिकटक अकाउन्टमा राखिएको एक भिडियोमा केवानमा १००, केटुमा ३३०, केथ्रीमा एक हजार १४०, के-फोरमा तीन हजार ८०० र के-फाइभमा १० हजार ८०० रूपैयाँ दैनिक आम्दानी हुने भनिएको छ । सोही अकाउन्टमा राखिएको सुजल श्रेष्ठको भिडियोमा मानिसहरूलाई आकर्षण गर्नेगरी भनिएको छ, 'नेपालका लागि एउटा अर्निङ एप आइसकेको छ । यो प्लेटफर्ममा हजुरले थोरै इन्भेस्ट गरेर हाइ इन्कम गर्न सक्नुहुने छ ।'

एसएमसी एपमा के-फोर प्याकेजमा लगानी गर्न एक लाख १० हजार, के-फाइभमा तीन लाख पाँच हजार, केसिक्समा नौ लाख ६० हजार, के-सेभेनमा २६ लाख ८० हजार, के-एटमा ८५ लाख र के-नाइनमा दुई करोड १० लाख रूपैयाँ पर्ने भनिएको छ ।

तर, उल्लिखित प्याकेजहरूमा लगानीकर्ताहरूले लगानी बढाउँदै लाँदा मंगलबारदेखि भने निकासा गर्न नमिल्ने बनाएको भन्दै उनीहरू निराश बनेका हुन् । यस्तोमा ह्वाट्सएप ग्रुपमा अन्नाले सूचना जारी गर्दै कर भुक्तानीका लागि दबाब दिएकी छन् । 'भोलि (बिहीबार) बिहान ९ बजेदेखि च्यानलमा प्रवेश गरेर कर तिर्नुहोस् । भोलि कर तिर्नको अन्तिम म्यान हो । कर भुक्तानीको अन्तिम समय राति ९ बजेसम्म हुने छ,' उनले सूचनामा भनेकी छन्, 'सदस्यहरूले समयमै कर भुक्तानी प्रक्रिया पूरा गर्न कृपया ध्यान दिनुहोस्, ताकि तपाईंको खाता प्रयोगमा कुनै समस्या नहोस् ।'

ह्वाट्सएप ग्रुपमा अन्नाले प्रयोग गरेको मोबाइल नम्बर ९७०१७१५९७८ हो । यो नम्बरमा उनले आगमन कल निषेध गरेको पाइएको छ, जसले गर्दा उनीसँग मोबाइलमा कुराकानी असम्भव भयो । पीडितहरूका अनुसार सिएमसीको अकाउन्टबाट गत भदौ र असोजसम्म लगानी र कमिसनबापतको रकम निकासा गर्न सहज थियो । कात्तिकको सुरुतिरदेखि सोमबारमात्रै निकासा गर्ने भनियो । अरुबेला 'लिमिट' लाग्ने बनायो । मंगलबार बिहान भने एक सूचना जारी गर्दै कर तिर्न ताकेता गर्‍यो । कर नतिरेपछि एप नै निष्क्रिय बनाएपछि लाखौं लगानीकर्ता डुबानमा परे ।

■■■

## अन्योलमा...

'महामन्त्री र समिति सदस्यले गरेनन् भनेर हुन्छ ? ३६ पटक ताकेता गरिएको छ,' थापानिकट केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीले मंगलबारको बैठकमा प्रश्न गरे । करिब नौ लाख क्रियाशील सदस्यमा छ लाखले नवीकरण गरिसकेको उनको दावी छ ।

नियमित वा विशेष महाधिवेशन भन्ने विषयमा लामो बहस गरेको कांग्रेसले केन्द्रीय समितिमा महाधिवेशन निर्वाचन अघि कि निर्वाचनपछि विषयमा पनि लामै छलफल गर्‍यो । संस्थापनपक्षका अधिकांश नेताहरू निर्वाचनपछि महाधिवेशन गर्ने लाइनमा उभिए भने महामन्त्री थापा र संस्थानपइतरका नेता डा. शेखर कोइरालालगायतका नेताहरू निर्वाचनअघि नै नेतृत्व छानेर जानुपर्ने पक्षमा उभिए ।

पछिल्लो समय भने देउवा समूहकै नेताहरू निर्वाचनअघि नै महाधिवेशन गर्नुपर्ने पक्षमा बोल्न थालेका छन् । निर्वाचनअघि महाधिवेशन गर्दा चुनावी माहोल बन्ने उल्लेख गर्दै देउवानिकट नेता मीन विश्वकर्माले तत्काल महाधिवेशन कार्यतालिका सार्वजनिक गर्न माग गरे । 'अधिवेशनका लागि उपयुक्त मितिमा सहमति गरौं र तत्काल कार्यतालिका सार्वजनिक गरौं,' विश्वकर्माले भने । चर्को दबाबसँगै कांग्रेसले निर्वाचनअघि नै महाधिवेशनको कार्यतालिका ल्याउने तयारी गरेको छ । मंगलबार पार्टी सभापति देउवानिकट नेताहरूलेसमेत १५औं महाधिवेशन कार्यतालिका निर्वाचन अगाडि नै ल्याउनुपर्ने माग गरेसँगै संस्थापनपक्ष दबाबमा परेका छन् ।

देउवानिकट नेता ज्ञानेन्द्रबहादुर कार्कीले ५४ प्रतिशतले विशेष महाधिवेशनको माग गरेको अवस्थामा यसलाई सम्बोधन गर्नुपर्ने बताएका छन् । निर्वाचन नजिकिँदै गएकोले अब कांग्रेस महाधिवेशन कहिले गर्ने भन्ने विषयमा अल्झेर बस्न नहुने कार्कीको भनाइ थियो । यद्यपि, विशेष महाधिवेशनको मागलाई नीति महाधिवेशन गरेर सम्बोधन गर्न सकिनेसमेत उनको मत थियो ।

यसै विषयलाई देखाउँदै अहिले केही नेताहरू भने विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेको विषयमा सनाखत हुनुपर्ने मागतिर लागेका छन् । यसरी कांग्रेस आफ्नो चरित्र सुधार र महाधिवेशन कहिले गर्ने भन्नेतिर एकत्रित नभई भद्रगोल धारणा राख्न थालेको छ । यही बीचमा संसद् पुनर्स्थापना गर्नुपर्ने माग उठेको र केही पूर्वसांसदले अदालत जान हस्ताक्षरसमेत गर्न थालेका छन् । यो विषय पनि केन्द्रीय समितिमा विवादमा तानिएको छ ।

कांग्रेस संस्थापनइतरका नेता डा. कोइरालाले पुस मसान्तसम्ममा १५औं महाधिवेशन गर्न सकिने बताएका छन् । 'मंसिरमा महाधिवेशन हुन सक्दैन । पुस मसान्तसम्म १५औं महाधिवेशन गरौं । नयाँ नेतृत्वले चुनाव हाँक्नुपर्छ,' मंगलबार सञ्चारकर्मीसँगको कुराकानीमा कोइरालाले भने । हस्ताक्षर सनाखत गर्न थाले कांग्रेस अप्ठ्यारोमा फस्ने कोइरालाको भनाइ थियो । 'हस्ताक्षर रूजु गर्ने क्रममा वादविवाद हुन्छ र त्यसले कांग्रेसलाई अप्ठ्यारोमा लैजान सक्छ,' कोइरालाले भने ।

■■■

## निर्णय ...

देउवा आइपुगेपछि महाधिवेशन पुसको मसान्तमा आयोजना गर्ने गरी निर्णय गर्न उनीहरूले सुझाएका छन् । फागुन २१ गते निर्वाचन तोकिएकोले पुसको मसान्तमा महाधिवेशन भएमा उपयुक्त हुने धारणा डा. शेखरलेसमेत राखेका छन् । देउवाको सचिवालयले भने उनी फर्कने टुंगो नभएको जानकारी दिएको छ । 'उहाँ महिना दिनका लागि जानुभएको हो । कात्तिक १० गतेमात्र जानुभएको हो । अहिले फर्कने कुनै कार्यतालिका छैन,' देउवाको सचिवालयले भन्यो ।

■■■

## म्यानपावर...

पछिल्लो अवस्थामा अनुगमन पनि एकदम कम र उजुरीका आधारमा मात्र गर्ने गरेको छ,' भट्टराईले भने, 'विभागले व्यवसायीले पालना गर्नुपर्ने ५१ बुँदे मापदण्ड बनाएर पठाएको छ । अप टु डेट भएर बस्ने व्यवसायीहरूलाई हप्तैपिच्छे अनुगमन भए पनि समस्या हुँदैन ।'

विभागले अनुगमनको रेकर्ड राखेको कागजात गत भदौको जेन-जी आन्दोलनमा विभागमा आगजनी हुँदा जलेर नष्ट भएको कारण पछिल्लो अनुगमनको तथ्यांक विश्लेषण गरेर नियम पालना गर्ने र नगर्ने संस्थाहरू छिट्टै सार्वजनिक गरिने पनि जानकारी दिएको छ ।

अनुगमन टोली परिचालन कार्यविधि-२०७६ अनुसार विभागले वैदेशिक रोजगारीमा आबद्ध व्यवसायीहरूको अनुगमन गर्दै आएको छ । गैरकानुनी तवरले वैदेशिक रोजगारीसँग सम्बन्धित रकमको लेनदेन, कागजात तयारी र अन्य क्रियाकलप गरेको उजुरी आए आकस्मिक अनुगमन टोली परिचालन हुने व्यवस्था कार्यविधिमा छ । यस्तै, यससँग सम्बद्ध निकायहरूले वैदेशिक रोजगारसम्बन्धी ऐन, नियम, निर्देशिका र निर्देशनको पालना गरे/नगरेको अनुगमन गर्ने व्यवस्था छ । त्यस्तै, अनुगमनमा जानेहरूले अनुगमन गर्ने संस्थाका तर्फबाट कुनै पनि दान, उपहार आदि लिन नहुने पनि कार्यविधिमा भनिएको छ ।

■■■

## अघि बढे...

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छाडेकी सुमना श्रेष्ठ, हामी नेपालका संयोजक सुदन गुरुङलाई समेत यो दलमा समावेश गर्ने तयारी गरिएको थियो । तर दलको नाम संशोधन गर्ने सहमति गर्दासमेत अन्तिममा सुदन यो दलमा आउन सहमत भएनन् । यता सुमना भने पार्टीको अध्यक्ष नै बन्ने दावीसहित कुलमानसँग लबिइङमा थिइन् । यद्यपि सुमनाको प्रस्ताव स्वीकृत भएन । मंगलबार बुझाएको सूचीमा रहेकाहरूलाई बुधबार निर्वाचन आयोगमा सनाखतका लागि बोलाइएको छ । 'बुधबारबाट सनाखत सुरु हुँदै छ । एक दुई दिनमा दल दर्ताको प्रमाणपत्र पाउने हामीले आशा गरेका छौं,' उज्यालो नेपालका नेता लामाले भने ।

फागुन २१ गते हुने निर्वाचनका लागि दल दर्ता गर्ने म्याद सकिन लाग्दा घिसिङले दल र केन्द्रीय समिति बल्ल टुंग्याएका हुन् । यसअघि सुदनसँगको छलफलपछि दलको नाम 'नेपाल जनसेवा पार्टी' राख्ने तयारी थियो भने नारा 'उज्यालो नेपालका लागि जनसेवा पार्टी' तय गरिएको थियो ।

### को हुन् कुलमान ?

नेपाल विद्युत् प्राधिकरणको नेतृत्वमा पुग्नसाथ दैनिक १८ घण्टासम्मको लामो लोडसेडिङको पूर्णरूपमा अन्त्य गरेका थिए कुलमानले । रामेछापको बेथानका उनी २०५१ सालमा इन्जिनियर, सातौं तहबाट नेपाल विद्युत् प्राधिकरणमा प्रवेश गरेका थिए ।

चिलिमे हाइड्रोपावरको प्रबन्ध निर्देशक बनेसँगै सफलता हासिल गरेका उनी २०७३ भदौ २९ प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त भएका थिए । उनी नियुक्त भएकै वर्ष २०७३ मा काठमाडौं पहिलोपटक लोडसेडिङ मुक्त भयो । दोस्रो चरणमा भरतपुर र पोखरा लोडसेडिङमुक्त भएसँगै तेस्रो चरणमा २०७५ सालमा पूरै नेपाल लोडसेडिङमुक्त भयो ।

त्यसपछि पुनः प्राधिकरणको नेतृत्वमा आएका कुलमानलाई एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको अन्तरिम सरकारले पटक-पटक स्पष्टीकरण सोधेर हटाएको थियो । विभागीय मन्त्री दीपक खड्काले देशको लोडसेडिङ भारतले हटाएको दाबी गर्दै कुलमानले कामै नगरेको आरोप लगाएका थिए । उनै कुलमान भदौ २३ र २४ को जेन-जी विद्रोहपछि अन्तरिम सरकारमा मन्त्री बनेका हुन् ।


**कम्पनीको नाम परिवर्तन गरिएको सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८२/०७/२६ गते

यस कम्पनीको मिति २०८२/०७/१७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **क्राउन एजुकेशन एण्ड भिषा सर्भिसेस प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०७/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **क्राउन एजुकेशन प्रा.लि.(प्रा.लि.नं. ३७७०१६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०८/०४ मा दर्ता भएको **प्रा. लि. नं. ३५५४७४** को **प्रिज्मा कोरियन भाषा सेन्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०७/१७ मा दर्ता भएको श्री **नेपाल बायोफर्टिलाईज एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रा.लि. नं. १७७४५४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७२/०९/१३ मा दर्ता भएको श्री **टोखा एस. पि. एस. ट्रेडर्स प्रा.लि. (प्रा.लि. नं. १४३०७०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६९/०७/२४ मा दर्ता भएको प्रा.लि.नं. १०७७१८७ को **एग्रो रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६७/०२/१० मा दर्ता भएको प्रा.लि.नं. ७६४६२ को **एस. जि. फिर्निचरर उद्योग प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठमाडौं ब्राईट ह्युमन रिसोर्स प्रा.लि. को सूचना**

यस **काठमाडौं ब्राईट ह्युमन रिसोर्स प्रा.लि. कम्पनी** (द.न.१३९८/०७४/०७५) हाल वैदेशिक रोजगार विभागबाट काम कारवाही रोक्का रहेको अवस्थामा पनि वर्ष ४९ को **मन कुमार लिम्बु** (ना.प्र.न. १०४/४८३१५) ले यस प्रा.लि. को नाम लिँदै विभिन्न प्रलोभन देखाई विभिन्न व्यक्तिहरूसँग रकम असुल गरेको भन्ने सूचना प्राप्त भएको हुँदा निज व्यक्तिसँग यस प्रा.लि.को नाम जोडेर कुनै पनि कारोबार नर्गन अनुरोध गरिन्छ । साथै निज व्यक्ति यस प्रा.लि. सँग विगत १ वर्षदेखि कुनै पनि सम्पर्कमा नरहेको जानकारी गराइन्छ ।

परिवर्तन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पुतलाचौर, रोल्पा,लुम्बिनी प्रदेश, नेपाल
**भुलसुधार**
प्रकाशित मिति २०८२/०७/२६

मिति २०८२/०७/२५ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित सूचना मिति २०८२/०७/२६ गते को दैनिक पत्रिकामा प्रकाशन हुनुपर्नेमा भुलबस मिति २०८२/०७/२५ गते प्रकाशन हुन गएकोले सच्याईएको व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।



**साउदीमा रोजगार** कम्पनी : Life Seeds Restaurants for fast food, a one-person company

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ — LT. No. 333545 — चलानी नं. ६०२४७२६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1100 | ४१,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Soft Star Establishment for Operation and Maintenance

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ — LT. No. 333581 — चलानी नं. ६०२४७२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1200 | ४५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**जापानमा रोजगार** कम्पनी : KUROSHIO BUSINESS COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८२/०४/०१ — पून: विज्ञापन स्वीकृति मिति : २०८२/०७/२५ — LT. No. 327143 — चलानी नं. ६०२४१०४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painting | 8 | 0 | 192434 | १७६,९१४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | निःशुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



**Government of Bagmati Province**

**Ministry of Water Supply, Energy and Irrigation**

**Narayani Lift Khageri Irrigation Management Office**

**Bharatpur, Chitwan**

**Invitation for Bids**

**First Date of publication: 12th November, 2025**

Narayani Lift Khageri Irrigation Management Office (NLKIMO), Bharatpur, Chitwan invites electronic bids from eligible bidders for the Construction of Canal at Narayani Lift Irrigation System and Khageri Irrigation System under National Competitive Bidding – Two Envelope Bidding procedures. The details of the project are shown below:

**CONTRACT DETAILS TABLE**

| S.N. | Contract No | Name of the Works | Bid Security (NRs.) | Minimum Average Annual Turnover (NRs,) | Specific Experience (NRs.) | Bid document fee (NRs.) non refundable |
|---|---|---|---|---|---|---|
| 1. | NLIS/NCB-01/82/83 | Construction of RCC Canal at Rambag-Fulbari Section ( Cha 8+75 to 8+500) of Narayani Lift Irrigation System | 5,00,215 | 30.020 Million | 8.010 Million | 5,000.00 |
| 2. | NLIS/NCB-02/82/83 | Construction of RCC Feeding Canal from Narayani lift to Khageri Main at BL6 Branch of Narayani Lift Irrigation System | 5,00,115 | 30.010 Million | 8.002 Million | 5,000.00 |
| 3. | KIS/NCB-01/82/83 | Construction of RCC Canal at Rampur Section (Cha 22+000 to 22+600) of Khageri Irrigation System | 4,13,100 | 24.790 Million | 6.610 Million | 5,000.00 |

Bids must be valid for the period of 90 days after opening of bids and Bid Security shall be valid for 30 days beyond the validity period of the bid. Electronic bids must be submitted to the office NLKIMO through PPMO website: www.bolpatra.gov.np/egp on or before 12:00 hours on 12th December, 2025. Bids received after this deadline will be rejected.

Please visit NLKIMO office or refer PPMO's website www.bolpatra.gov.np/egp for detailed information.

Office Chief

# आगामी निर्वाचन सुधार र स्थायित्वका लागि हुनुपर्नेमा जोड

■ प्रभाव संवाददाता




**काठमाडौं–** आगामी फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनलाई 'कर्मकाण्डी' बनाउन नहुनेमा सरोकारवालाहरूले जोड दिएका छन् । आसन्न निर्वाचन सुधार र राजनीतिक स्थायित्वका हुनुपर्ने उनीहरूको भनाइ छ ।

नेपाल कानुन समाजले मंगलबार यहाँ आयोजना गरेको 'आगामी प्रतिनिधिसभाको निर्वाचनः चुनौती र अवसर' विषयक अन्तरक्रियामा बोल्ने वक्ताहरूले यस्तो धारणा राखेका हुन् । कार्यक्रममा बोल्दै पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले निर्वाचनले देश, संविधान र जनताको भविष्यको जिम्मेवारी लिनुपर्ने बताएका छन् । उनले सरकार, राजनीतिक दल, जेन-जी पुस्ता, नागरिक समाजबीचको हार्दिकतापूर्ण संवादको माध्यमबाट त्यसखाले निर्वाचनको वातवारण बनाउन सकिने धारणा व्यक्त गरे ।

संविधान निगरानी समूहका अध्यक्षसमेत रहेका श्रेष्ठले भने, 'आगामी निर्वाचन 'निर्वाचनका लागि निर्वाचन' नभई निर्वाचन कानुन, पद्धति र प्रक्रिया सुधार गरेर लैजानुपर्छ, जसले आमजनता र युवा पुस्ताको भावनालाई सम्बोधन गर्न सकोस्, लोकतन्त्रको लामो अभ्यास भए पनि अहिले नेता बलिया र जनता कमजोरजस्तो देखिएको छ, यसमा रूपान्तरण हुनुपर्छ ।'

नेपाली कांग्रेसका नेता राधेश्याम अधिकारीले प्रत्यक्ष निर्वाचित कार्यकारीले मुलुकमा अहिले उठेका सबै माग, मुद्दा र समस्या अन्त्य गर्छ भन्ने सोचमा पुनर्विचार गर्नुपर्ने बताए । उनले भने, 'अहिले कानुन एकातिर छ, अभ्यास अर्कातिर छ, राजनीतिक दललाई विभाजन गर्नेमा दल र स्वयं नेता लाग्नुभएको छ, विदेशमा रहेका नेपालीले मतदान गर्ने विषयमा कानुनी प्रश्न उठ्न सक्छ, त्यसप्रति अहिले नै सजग होऔं ।'

नेकपा एमालेका नेता अग्निप्रसाद खरेलले आफ्नो पार्टी लोकतान्त्रिक पद्धति र संविधान रक्षाका लागि प्रतिबद्ध रहकाले चुनावको उपयुक्त वातावरण बनेका खण्डमा निर्वाचनमा भाग लिन आतुर रहेको बताए । उनले भने, 'निर्वाचनको वातावरण बनाउन मुख्य राजनीतिक दलसँग सरकारले हार्दिकतापूर्वक छलफल र संवाद गर्नुपर्छ, एमाले निर्वाचनबाट भाग्दैन, चुनाव गर्नुस्, भाग लिन्छौं ।'

नेपाली कम्युनिस्ट पार्टीका नेता खिमलाल देवकोटाले मुलुकमा अहिलेको परिस्थिति निर्माण हुनुमा ठूला राजनीतिक दलको गलत राजनीतिक अभ्यास र जेन-जी आन्दोलनको भूमिका रहेको बताए । उनले भने, 'संसद्को पुनर्स्थापना निर्वाचनमार्फत गर्ने कार्यादेश छ, हतियार र फरार कैदी फिर्ता गरेर भयरहित निर्वाचन गर्ने वातावरण बनाउनुपर्छ, राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ, त्यसका लागि सरकार जिम्मेवार भएर काम गर्नुपर्छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता सन्तोष परियारले आन्दोलन र हिंसाका आधारमा नभई विधि र विधानबाट नै मुलुकमा राजनीतिक परिवर्तन गर्न सकिन्छ भन्ने आफ्नो पार्टीको मत रहेको बताए । उनले भने, 'निर्वाचनमार्फत जेन-जीका माग, लोकतन्त्र, संविधान, समावेशितालाई अझ बढी बल प्रदान गर्दै मुलुकको आगामी मार्गचित्र कोर्ने र संकट अन्त्य गर्ने हुनुपर्छ ।'

जेन-जी अभियन्ता मिराज ढुंगानाले मुलुकले २०८४ को निर्वाचन २०८२ मा खोजेको नभई सुशासन र भ्रष्टाचारका विषयमा उठेका मुद्दाको निकास खोजेको बताए । उनले प्रश्न गरे, 'निर्वाचन हुनुपर्‍यो भन्ने माग दलको हो कि जनताको ? निर्वाचन गर्दैमा मुलुकमा उठेका सुशासन, भ्रष्टाचार, विकृति, बेथिति र राजनीतिक पुस्तान्तरणको माग सम्बोधन हुन सक्छ ?'

अर्का जेन-जी प्रतिनिधि भावना राउतले अहिलेको प्राथमिकता निर्वाचनमात्रै नभई निर्वाचन प्रक्रियामै आमुल सुधारको आवश्यकता भएकाले सरकारको पहिलो एजेण्डा संविधान संशोधन हुनपर्ने बताइन् । उनले भनिन्, 'पुराना राजनीतिक दल र सरकारले संविधानमा लेखिएको र गर्नुपर्ने दायित्व समयमै सम्बोधन नगरेका कारण जेन-जी आन्दोलन भएकाले त्यसको क्षतिको जिम्मेवार तत्कालीन सरकारले नै लिनुपर्छ ।'

वरिष्ठ अधिवक्ता नारायण घिमिरेले जेन-जीका आवाज असल नागरिकको भावनाका रूपमा आएकाले उनीहरू उठाएका मुद्दालाई सम्बोधन गर्ने कार्यमा सरकार र राजनीतिक दलले सकारात्मक दृष्टिकोण राख्नुपर्ने बताए । संस्थाका कार्यकारी निर्देशक कृष्णमान प्रधान र कार्यक्रम निर्देशक मोहन आचार्यले नेपाल कानुन समाजले कानुन निर्माण, निर्वाचन र लोकतन्त्रको पक्षमा राजनीतिक दल, नागरिक समाज र विभिन्न सरोकारवाला संघसंस्थासँग छलफल र वहस गर्दै आइरहेको बताए ।

## 'निर्वाचनको वातावरण बनाउन दलहरूको भूमिका महत्त्वपूर्ण'



**काठमाडौं (प्रस)–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको मुख्य पक्ष राजनीतिक दल भएकाले चुनावको वातावरण बनाउन उनीहरूको उत्तिकै भूमिका रहने बताएका छन् ।

नेपाल कानुन समाजद्वारा मंगलबार यहाँ आयोजित 'आगामी प्रतिनिधिसभाको निर्वाचनः चुनौती र अवसर' विषयक अन्तरक्रियामा उनले सरकार, राजनीतिक दल र अन्य सरोकारवाला पक्षबीचको घनिभूत छलफल र बहसले चुनावी वातावरण बनाउने धारणा व्यक्त गरे । मन्त्री सिन्हाले भने, 'जसका लागि चुनाव आवश्यक छ, उनीहरूले पनि वातावरण बनाउन भूमिका खेल्नुपर्छ, निर्वाचन गराउने सन्दर्भमा सबैले राम्रो नियत राखौं, निकास दिऔं ।'

सरकारले आगामी निर्वाचनलाई केन्द्रित गरी राजनीतिक दल र नेतासँग निरन्तर संवाद गरिरहेको उल्लेख गर्दै उनले राज्य सञ्चालनको अनुभवका कारण कतिपय सन्दर्भमा केही कमीकमजोरी भए पनि वर्तमान संकटबाट मुलुकलाई निकास दिलाउन भरमग्दुर प्रयास गरिरहेको स्पष्ट पारे ।

मन्त्री सिन्हाले विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिलाउनेसम्बन्धी प्रक्रिया र तयारीको अवस्था शून्य रहेको त्यसको सम्भावना पहिचान गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राखेको बताए । उनले भने, 'युवा पुस्ताले अवसरको खोजी गरिरहेको छ, उनीहरूको भावनालाई सम्बोधन गर्न सरकार क्रियाशील छ, संकटको निकास दिन जिम्मेवारीका काम भइरहेको छ, यसमा शंका गर्नुपर्दैन ।'

# महानगर धुलोमुक्त बनाउँदै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले गौरवको योजनाअन्तर्गत सहरलाई धुलोमुक्त बनाउने कार्यलाई तीव्र बनाएको छ ।

उक्त कार्यअन्तर्गत पछिल्लो समय बिग्रेका सडकको मर्मत, ढल मर्मत, खाल्टाखुल्टी भएका सडकमा कालोपत्रे तथा ढलान धमाधम भइरहेको कामपाको धुलोरहित सडक कार्यक्रम पश्चिम क्षेत्रका फोकल पर्सन वरिष्ठ इञ्जिनियर माधव काफ्लेले जानकारी दिए ।

कामपा वडाबाट आएको मागका आधारमा काम गरिने 'धुलोरहित सडक' कार्यक्रमअन्तर्गत पश्चिम क्षेत्रमा करिब आठ किलोमिटर सडक सुधार योजना कार्यान्वयन थालिएको छ । इञ्जिनियर काफ्लेका अनुसार लामो समयदेखि स्वामित्व विवादमा रहेको बालाजु बाइपासबाट बालाजु उद्यानहुँदै बालाजु चोकसम्मको एक हजार १६० मिटर लामो सडक पनि कालोपत्रे हुने छ ।

स्थानीयबासीले आफ्नो नामको जग्गा सडकमा रहेको दाबी गरिरहेको यो विवादित सडक खण्डको करिब १९० मिटर सडक गएको महिना कालोपत्रे गरिएको छ । यो सडक खण्डमा नौ मिटरदेखि १४ मिटरसम्मको चौडाइ छ ।

बालाजु सडकसँगै विष्णुमती कोरिडोरअन्तर्गत वडा नम्बर १३, १४, १५ र १६ क्षेत्र, कुलेश्वर टेकु सडक, भगवती मन्दिर (कुमारी क्लव), कुलेश्वर लिंक मार्ग, शितला स्कुलबाट नागरिक बजार चोक (जामाचो मार्ग), सोह्रखुट्टे- पकनाजोल, चाक्सीबारीबाट जेपी चोकसम्म, कुलेश्वर-फलफूल बजार, बालाजु हाइटको गणेश मन्दिरबाट नागार्जुन पर्खालसम्म, शितला मार्गबाट पहिरा लिंक मार्ग, उमा महेश्वर मार्ग, रवि भवन मार्ग, बल्खुको सर्भिस ट्र्याकसहितका सडकमा काम हुने छ ।

पूर्वाधार सुधार धुलोरहित सहर बनाउने कामपाको 'धुलोरहित सडक' कार्यक्रम तीन वर्षसम्म सञ्चालन हुने बहुवर्षीय योजना हो । यसका लागि हरेक वर्ष करिब एक अर्ब रूपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

यस कार्यका लागि कामपाको भौगोलिक क्षेत्रलाई चार भागमा विभाजन गरेर हरेक क्षेत्रका लागि एउटा प्याकेज बनाइएको छ । यसअन्तर्गत पूर्वक्षेत्रमा वडा नं ६, ७, ८, ९, १०, ३१ र ३२ गरी ७ वटा वडा पर्छन् । पश्चिम क्षेत्रमा वडा नम्बर १३, १४, १५ र १६ पर्छन् । उत्तर क्षेत्रमा वडा नं १, २, ३, ४, ५, २६, २८, २९ र ३० पर्छन् ।

मध्य क्षेत्रमा भित्री वडाहरू, वडा नं ११, १२, १७, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ पर्छन् । यस क्षेत्रको कामका लागि करिब ४५ करोड रूपैयाँ लागत अनुमान गरिएको छ ।


## सूचनाको हक प्रवर्द्धनसहित यसमा पत्रकार महासंघको भूमिका विषयक गोष्ठी सञ्चालन सम्बन्धी सूचना

**नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखा**को समन्वय तथा **बागमती गाउँपालिका वडा नं. २ माल्टा**को सहकार्यमा **सूचनाको हक प्रवर्द्धनसहित यसमा पत्रकार महासंघको भूमिका** विषयक गोष्ठी कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन हुन गईरहेको हुनाले गोष्ठीमा सहभागी हुन सबैमा सादर अनुरोध छ ।

**कार्यक्रम:**
मिति: २०८२ कात्तिक २८ गते शुक्रबार
समय: विहान ७ बजेदेखि १२ बजेसम्म
स्थान: रिभाइभ लेजर पार्क, महालक्ष्मीस्थान

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा



## MAURITIUS मा रोजगार
कम्पनी : SUPER CONSTRUCTION CO LTD
पूर्व स्वीकृति मिति : २०८२/०४/२९ LT. No. 329237 चलानी नं. ६०२४०३०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith (Steel Fixer Grade II) | 30 | 0 | 20000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 60 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 3 | Cleaners (Male) | 6 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 4 | Cook General | 5 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 5 | Electrician General | 10 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 6 | Foreman (Male) | 2 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 7 | Handy Man | 3 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 8 | Jcb Operator | 6 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 9 | Land Surveyor Helper/chainman | 2 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 10 | Mason/tile Worker | 130 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 11 | Mechanics I | 3 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 12 | Painter | 15 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 13 | Plumber | 10 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 14 | Tiler | 10 | 0 | 20000 | ३७,३२० | | | | | | | |
| 15 | Welders (Fcaw/tig/arc/stainless Ste | 8 | 0 | 20000 | ३७,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **YOUNG MANPOWER PVT.LTD.** (ई.प.नं.१०४७/०७३/०७४) मा कार्यरत तपसिलमा रहेको कर्मचारीहरूलाई यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

तपसिल

| S.N. | Name | Citizenship NO. | Post |
|---|---|---|---|
| 1. | Purushottam Dahal | 300103075 | Accountant |
| 2. | Anita Pariyar | 44-01-74-04049 | Documentation Officer |
| 3. | Sarita Khatri Khadka | 21-01-72-02167 | Office Helper |
| 4. | Bindu Basnet | 34/1245 | Accountant |
| 5. | Rom Bahadur Karki | 902 | Executive Director |
| 6. | Sabina Kattel | 1053010/1915 | Office Manager |

YOUNG MANPOWER PVT.LTD.
Govt. License No. 1047/073/74
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/



## कतारमा रोजगार
कम्पनी : UNIQUE MULTIPURPOSE ENTERPRISE WLL
पूर्व स्वीकृति मिति : २०८१/११/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२५ LT. No. 319871 चलानी नं. ६०२३४०५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales man | 1 | 0 | 1300 | ५०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Accountant | 1 | 0 | 3600 | १४०,३३५ | | | | | | | |
| 3 | Admin Manager | 1 | 0 | 5700 | २२२,१९५ | | | | | | | |
| 4 | Representative | 1 | 0 | 2200 | ८५,७६० | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1100 | ४२,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## कतारमा रोजगार
कम्पनी : DESERT VALLY CONTRACTING AND SERVICES WLL
पूर्व स्वीकृति मिति : २०८२/०७/२५ LT. No. 329066 चलानी नं. ६०२४७२२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter/Plaster Worker | 5 | 0 | 1200 | ४६,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 3 | 0 | 1100 | ४२,८८० | | | | | | | |
| 3 | Service Agents | 3 | 0 | 1500 | ५८,४७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



## कतारमा रोजगार
कम्पनी : AL SHERA TRADING AND CONTRACTING WLL
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/२५ LT. No. 327860 चलानी नं. ६०२४१७३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner Worker | 5 | 0 | 1000 | ३८,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## मिक्लाजुङ गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/०७/२६

यस कार्यालयको तर्फबाट मिति: २०८२/०६/३१ मा 'प्रभात दैनिक' मा प्रकाशित सूचना अनुसार निर्माण कार्यको तपशिल बमोजिमको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ । साथै सार्वजनिक खरिद ऐन २००६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

| ठेका नं | विवरण | फर्मको नाम | कबोल अंक (मु.अ.क. र P.S item सहित) |
|---|---|---|---|
| 1/MRMM/ WORKS/SQ/082/83 | Boundary and Parking Tiles Works of Miklajung Rural Municipality | डी. कुशुम कन्स्ट्रक्सन प्रा. लि. उर्लाबारी, वार्ड नं. १, मोरङ | 15,72,763.47 |

प्रमुख प्रशासकिय अधिकृत



## कुवेतमा रोजगार
कम्पनी : PLAY SHARQ FOR HOT AND COLD BEVERAGES शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०७/२५ चलानी नं.: ६०२४७२५९ LT.No.: 333565

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CHEF ASSISTANT. | 5 | 0 | स. काममा दक्ष | 130 | ५९,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUSTAFA ABD ALAMIR KHAN GENERAL TRADING AND CONTRACTING COMPANY / MUSTAFA ABD ALLATEEF ALI KHAN & PA शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०७/२४ चलानी नं.: ६०२४७२६० LT. No.: 333518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 0 | 8 | स. काममा दक्ष | 120 | ५५,३२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ३ गते (19 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## मधेसमा देखिएको 'अ'राजनीतिक चरित्र

मुलुकमा जेन–जी विद्रोहपछि एक किसिमको त्रास फैलिएको थियो। जुनसुकै बेला जे पनि हुन सक्छ। उद्योगमा आगो झोसिन सक्छ। सरकारी संरचनामा तोडफोड र लुटपाट हुनसक्छ। नेतृत्वविहीन विद्रोहको कुनै स्वरूप हुँदैन। कुनै नीति पनि हुँदैन। यही कारण समाज तर्सिएको थियो। यस्तो हुँदा संगठितरूपमा लागेको दलप्रति केही आशा पलाएको थियो। किनकि, दल समाजप्रति कमसेकम जवाफदेवी हुन्छन्। सुशासनप्रति बेवास्ता र भ्रष्टाचार बढाउँदा दलप्रति वितृष्ण छाएकै थियो। तर यो भन्दा पनि नेतृत्वहीन विद्रोह अराजक देखिए पनि जनताले दलहरूप्रति सान्त्वना देखाउन थालेका हुन्।

तर यो विश्वास जनतासामु धेरै टिकेन। सोमबार राजनीतिक दलहरूको संलग्नतामा मधेस प्रदेशमा जुन किसिमको प्रहसन भयो त्यो संघीयतालाई सुहाउँदै सुहाएन। प्रदेश संघीयताको अभिन्न अंग हो। तर यहाँको मुख्यमन्त्री होटलमा नियुक्त भए। यसको मतियार बनिन् प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी। प्रारम्भिक सजाय उनले पदमुक्त भएर पाइसकेकी छन्। तर उनले जन्माएको सरकार भने मधेसमा यथावत् छ। एमालेका नेता सरोज यादव अहिले मुख्यमन्त्री छन्। यति त भइहाल्यो, यो घटना सार्वजनिक हुनासाथ मधेस प्रदेशका माननीयहरू मुख्यमन्त्रीको कार्यालय तोडफोड गर्न उत्रिहाले।

यो कार्यमा कांग्रेसदेखि जनता समाजवादी पार्टीका नेताहरूसम्म उत्रिएका थिए। कांग्रेस र जसपा मधेस प्रदेशमा एमालेपछि ठूलो दल मानिन्छ। जेन–जी विद्रोहपछि हरेक क्षेत्रमा काम गर्ने मनोबल बढ्दो थियो। तर यही बेला मधेस सरकारको कचिंगललाई निहुँ बनाएर दलहरू आफैं तोडफोड र अराजकता मच्चाउन लागिपरेको देखिएको छ।

जसरी हुन्छ अन्तरिम सरकारलाई असफल बनाउने ध्येयमा लागेको यो सरकारले मधेसमा अशान्तिको आगो सल्काएको छ। मुख्यमन्त्री यादवलाई हटाउन कांग्रेससहितका सात दल सर्वोच्च अदालतमा आइपुगेका छन्। उनीहरूले दैनिक सडक आन्दोलनसमेत सुरु गरेका छन्। भर्खरै मुख्यमन्त्री बनेका यादवलाई हटाएमा एमालेले फेरि प्रदर्शन गर्ने देखिन्छ। यसरी दोहोरो रूपमा मधेसलाई अशान्त पार्ने प्रपञ्च संघबाट दलका नेताहरूले गरेको देखिन्छ। यो कदापि स्वीकार्य विषय हैन। त्यसैले दलका नेताहरूले शान्ति, अमनचयन र सुशासनको कुरालाई आत्मसात् गर्ने हो भने तत्काल यसखाले उच्छृंखलता त्यागनुपर्छ।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ। संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ। तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन। गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

# विज्ञान, प्रविधि र हाम्रो गन्तव्य



कृष्ण अधिकारी

> हाम्रो देशको पारम्परिक पद्धति तथा प्रविधिलाई बढावा दिन र प्रविधिको अधिकतम् प्रयोग गर्नेतर्फ देशले ध्यान दिनु जरूरी छ। देशको हावापानी सुहाउँदो, स्थानीय आवश्यकताबमोजिमको अनुसन्धान र प्रविधि विकास मुख्य कुरा हो। समाज सूचना र सञ्चार प्रविधिसँगै तीव्ररूपमा अगाडि बढिरहेको छ र सर्वसाधारणको पहुँचमा पनि पुगिरहेको अवस्थामा विकासको अग्रपथमा लम्किन त्यति धेरै समस्या पनि छैन। 'जेन-जी' लाई उद्यमशील बनाएर नेपालमै रोजगारी सिर्जना गर्नु पर्ने छ, जेन वाई र जेन एक्सको भूमिकाले वातावरण बनाउने काम गर्दै जेन अल्फालाई विज्ञान प्रविधितिर लैजानु आजको मुख्य चुनौती हो।

हरेक देशको समुन्नति र विकासमा विज्ञान र प्रविधिको महत्त्वपूर्ण स्थान हुन्छ। विज्ञान र प्रविधिले मानव जीवनलाई दिएको योगदानको सम्मान गर्नुका साथै नयाँ पुस्तालाई वैज्ञानिक सोच, अनुसन्धान र नवप्रवर्तनप्रति प्रेरित गर्ने अवसर प्रदान गर्दछ। आजको विश्वव्यापीकरणको समयमा विभिन्न देशबीच अनुसन्धान, आविष्कार र प्रविधि हस्तान्तरणमा सहकार्य बढाउन जरुरी छ। समाजलाई आधुनिक, वैज्ञानिक र दिगो विकासको बाटोतर्फ अग्रसर गराउन आवश्यक छ। विज्ञान र प्रविधिको उचित प्रयोगले नै राष्ट्रको उन्नति हुन सक्छ भन्ने बुझाइबाट प्रेरित भई विज्ञान, प्रविधि र नवप्रवर्तनलाई बढावा दिने र यसको महत्त्व नागरि कस्तरसम्म बुझाउनु आजको आवश्यकता हो।

विज्ञान र प्रविधि आर्थिक विकास, स्वास्थ्य सेवा, सञ्चार, यातायात, ऊर्जा, कृषि, वातावरण संरक्षणलगायतका क्षेत्रमा आधारस्तम्भ भएकाले राज्यले यसलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। आज विश्वका जति पनि विकसित मुलुकहरू छन् तिनको समृद्धिको आधार भनेकै विज्ञान र प्रविधिमा उनीहरूले गरेको विकास नै हो। आज विश्वले नै वातावरणीय संकट, जलवायु परिवर्तन, ऊर्जा संकट र दिगो विकासजस्ता चुनौतीहरूसँग जुध्नु परेको छ। यी समस्याहरूको समाधान कुनै एक देशको प्रयासले मात्र सम्भव नहुने हुँदा विश्व समुदाय वैज्ञानिक उपायको खोजीमा लाग्न ढिला गर्नु हुँदैन। विज्ञान प्रविधिमा लगानी कूल गार्हस्थ उत्पादनको ०.३५ प्रतिशतमात्रै छ। सन् २०२५ मा नवप्रवर्तनको क्षेत्रमा नेपाल १०७औं स्थानमा रहेको छ। दक्षिण एसियामा विज्ञान प्रविधिमा नेपाल निकै पछि छ। यसले हाम्रो अवस्थालाई चित्रण गर्दछ।

नेपाली समाजमा अझै पनि चेतनाको कमी, अन्धविश्वास, कुसंस्कार र परम्परागत गलत धारणा कायमै रहेको छ। त्यस्ता गलत सोचलाई हटाएर वैज्ञानिक सोच र प्रमाणमा आधारित जीवनशैली अंगीकार गर्न सक्षम बनाउन आवश्यक छ। कुनै पनि देशको सामाजिक रूपान्तरण र आर्थिक विकासको प्रमुख कडी विज्ञान र प्रविधिलाई मानिन्छ। विज्ञान र प्रविधिलाई विस्तृत रूपमा नहेरी हाम्रो अवस्था र सन्दर्भसँग जोडेर हेर्नुपर्ने हुन्छ। हाम्रा अति नै मौलिक प्रविधिलाई संरक्षण गर्दै समयानुसार स्तरोन्नति गर्दै लैजानु आवश्यक छ। ठूला अनुसन्धान र विकास हामीले गर्न नसके पनि हाम्रै अनुभव, वास्तविकता र आवश्यकतासँग जोडेर हेर्ने हो भने यसले मुलुकको विकास र उत्पादनमा ठूलो परिवर्तन दिन सकिन्छ। देशका विभिन्न भागमा उपलब्ध प्राकृतिक सम्पदा, स्थानीय ज्ञान र सीपबाट सञ्चालन हुन सक्ने स-साना उद्योगले रोजगारी सिर्जना, उत्पादन र आर्थिक क्रियाकलाप बढाउन सकिन्छ।

### संविधान कार्यान्वयनमा विज्ञान र प्रविधि

नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै जारी भएको संविधान कार्यान्वयन भएको पनि १० वर्ष पुग्दै छ। यस संविधानले नयाँ शासन प्रणालीका मूलभूत सिद्धान्तहरूलाई अंगीकार गर्नुको साथै नेपाली जनताको जीवनस्तर माथि उठाउनेगरी विभिन्न संरचनाको निर्माण, नीतिगत व्यवस्था र थुप्रै आधारहरू निर्माण गरेको छ। नेपालको संविधान २०७२ मा विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ। संविधानको धारा ५१ (राज्यका नीतिहरू) अन्तर्गत वैज्ञानिक अनुसन्धान, आविष्कार र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उल्लेख छ। शिक्षा, स्वास्थ्य, सूचना, सञ्चार र उद्योग क्षेत्रको विकासमा विज्ञान प्रविधि प्रयोग गर्ने प्रावधान संविधानले स्पष्टरूपमा गरेको छ। नागरिकलाई सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गर्ने लक्ष्य संविधानमा राखिएको छ। संविधानले दिएको अधिकार, कर्तव्य र दायित्वलाई व्यवहारमा उतार्न प्रविधिले सहज र पारदर्शी वातावरण सिर्जना गर्छ। यसरी संविधानले नागरिकलाई आधारभूत अधिकार दिएको छ भने विज्ञान तथा प्रविधिले ती अधिकारलाई कार्यान्वयन गर्ने आधार तयार गरेको छ।

संविधान कार्यान्वयनमा विज्ञान तथा प्रविधिको भूमिका महत्त्वपूर्ण रहेको छ। संविधानका मौलिक हकहरूको कार्यान्वयनमा विज्ञान तथा प्रविधि महत्त्वपूर्ण औजारको रूपमा रहेको छ। शिक्षा, स्वास्थ्य, सूचनाजस्ता आधारभूत विषयहरूमा मात्र होइन नागरिकका आर्थिक अधिकारदेखि सुशासन, विकास प्रक्रियाहरूमा सहभागिताका लागि पनि विज्ञान प्रविधिको पहुँच विस्तार हुन आवश्यक हुन्छ। सरकारी सेवाहरू अनलाइनमार्फत उपलब्ध गराउँदा नागरिकले विस्तारै पहुँच पाउन थालेका छन्। यसले सेवा प्रवाहमा सहजता आउनुको साथै समयको बचत, अनावश्यक खर्चमा कमी, भ्रष्टाचार, अनियमिततामा केही कमी आएको छ। सार्वजनिक सूचना प्रणाली क्रमशः छिटोछरितो र पारदर्शी भएको छ। स्थानीय सरकारदेखि संघीय तहसम्म सेवा प्रवाहलाई मोबाइल एप्समार्फत सजिलो बनाइँदै लगिएको छ। डिजिटल वित्तीय प्रणालीबाट बजेट विनियोजन, कर संकलन र खर्च अनुगमन प्रविधिमार्फत सम्भव भएका छन्।

नागरिकता, सम्पत्ति, सामाजिक सुरक्षा, मतदानलगायत प्रणालीहरू 'डिजिटलाइज' भएका छन्। नागरिक सुझाव, गुनासो र सिफारिसहरू अनलाइनबाटै सम्बोधन गर्न सकिने भएकाले सुशासनमा बल पुगेको छ। अनलाइन शिक्षा, डिजिटल पुस्तकालय, ई-लर्निङ प्लेटफर्ममार्फत नागरिकले आफ्नो शैक्षिक अधिकार उपयोग गर्न सक्छन्। टेलिमेडिसिन, ई-हेल्थ र आधुनिक प्रविधिबाट दुर्गम क्षेत्रसम्म स्वास्थ्य सेवा पुर्‍याउन सकिन्छ। ग्रामीण क्षेत्रसम्म स्वास्थ्य सेवा पुर्‍याउन टेलिमेडिसिन र स्वास्थ्य सूचना प्रणालीको विस्तार भइरहेको छ। ई-गभर्नेन्स, सरकारी पोर्टल, डिजिटल अभिलेखले पारदर्शिता र जवाफदेहिता बढाउँछ। पछिल्लो समय ई-शासन प्रणाली, नागरिक एपजस्ता डिजिटल प्लेटफर्महरूले विकास प्रक्रिया, सुशासनमा नागरिक सहभागिता बढेर गएको छ। यसै आधारमा सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क'को कार्यान्वयन गरी डिजिटल नेपालको अभियान अगाडि बढाइरहेको छ। प्रविधि-आधारित उद्योग, स्टार्टअप, फिनटेकले रोजगारी र उद्यमशीलता बढाउने काममा पनि विज्ञान प्रविधिको भूमिका रहेको छ।

विज्ञान प्रविधिकै विकासका कारण निर्वाचनमा विद्युतीय मतदान (ई-भोटिङ)को अभ्यास सुरु भएको छ। ई-भोटिङको माध्यमबाट सुरक्षित डिजिटल मतदान प्रणाली लागू गर्दा मतदान अधिकारलाई अझै सहज र पारदर्शी बनाउन सकिन्छ। यसलाई केही सदसम्म अभ्यासमा ल्याइसकिएको पनि छ। आगामी दिनमा पनि यसलाई अझ प्रभावकारी रूपमा विस्तार गरी निर्वाचनलाई कम खर्चिलो, विश्वासिलो र अधिकतम् मतदाताको सहभागिता गराउन सकिन्छ। बायोमेट्रिक प्रणालीबाट मतदाता परिचय सुनिश्चित गर्न सम्भव भएको छ।

विज्ञान प्रविधिमा आएको अर्को महत्त्वपूर्ण फड्को भनेको सामाजिक सञ्जालको विकास हो। अभिव्यक्ति स्वतन्त्रता र नागरिक आवाज उठाउन सशक्त साधनको रूपमा सामाजिक सञ्जाल निकै सशक्त देखिएको छ। इन्टरनेटको विकाससँगै परम्परागत सञ्चारमाध्यमलाई आज सामाजिक सञ्जालले पछाडि धकेलेको मात्र होइन, सबै पुस्ताका मानिसहरूको जीवनशैलीलाई नै नजिक बनाएको छ। सामाजिक सञ्जाल अधिकांश मानिससँग कति नजिक रहेछ भन्ने तथ्य अघिल्लो सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धको विरोधमा जेन-जी पुस्ताको आक्रोशले मुलुकमा यति ठूलो परिवर्तन ल्याउन सफल भएको छ। सूचना प्रविधिको विकासले नै अन्तर्राष्ट्रिय जगतमा मुलुकको अवस्थालाई चित्रण गर्दछ।

### चुनौती र सम्भावना

मुलुकमा पटक-पटक राजनीतिक परिवर्तनहरू भए पनि सरकारहरूको ध्यान अनुसन्धानमा आधारित र विकासतर्फ जान नसक्दा मुलुक धेरै पछाडि पर्न गएको हो। २०४६ सालमा हामीसँगै प्रजातन्त्र स्थापना भएका मुलुकहरूले यसबीचमा ठूलो फड्को मार्न सकेका उदाहरणहरू छन्। युवा र विद्यार्थीलाई अनुसन्धान, प्रयोग र आविष्कारतर्फ आकर्षित गरेर भविष्यमा वैज्ञानिक नेतृत्व तयार गर्ने अवसर प्रदान गर्न नसक्दा युवा जनशक्ति विदेश पलायन हुनुपर्ने बाध्यता रहेको छ।

अझै पनि आमजनतासम्म सूचना प्रविधिको समान पहुँच नहुनु, पूर्वाधार अभाव, डिजिटल खाडल, साइबर सुरक्षाजस्ता समस्याहरूले विज्ञान प्रविधिका क्षेत्रमा फड्को मार्न सकिएको छैन। र, मुलुकको समृद्धि र जनताको जीवनस्तर माथि उठाउन महत्त्वपूर्ण औजारको रूपमा संविधानले विज्ञान र प्रविधिको विकासका लागि थुप्रै अवसरका ढोकाहरू खुला गरेको भए पनि तिनको कार्यान्वयन सहीरूपमा हुन नसक्दा ठूलो युवा जनशक्ति विदेश पलायन, बेरोजगारी समस्या तथा विकास र उत्पादनलाई वैज्ञानिकीकरण गर्न नसक्दा मुलुकले समृद्धिको सिँढी राम्ररी चढ्न सकिरहेको छैन।

यसो भन्दैमा केही भएन, केही गर्न सकिन्न भन्ने पनि होइन, संविधानमा उल्लिखित लक्ष्यलाई प्रविधिमार्फत छिटो कार्यान्वयन गर्ने अवसर, युवालाई अनुसन्धान र नवप्रवर्तनमा संलग्न गराउने सम्भावना पनि हामीसँग छ। एकातिर स्वदेशमै अवसर सिर्जना गरी युवा पलायनलाई रोक्ने र अर्कोतिर विदेशमा पढेलेखेर, अनुसन्धान गरेर नाम र दाम कमाएका व्यक्तित्वलाई आकर्षित गरी नयाँ सोचका साथ राष्ट्र निर्माणमा सहभागी गराउन सकिएमा मुलुकलाई समृद्ध बनाउन समय लाग्दैन। विज्ञान र प्रविधिलाई सदुपयोग गर्न सक्दा देशको औद्योगिक विकास हुन गई धेरैलाई रोजगार दिन सकिन्छ, युवा वर्गको उचित व्यवस्थापन हुन सक्छ र समुन्नत नेपाल बनाउने दिशामा अघि बढ्न सकिन्छ।

हाम्रो देशको पारम्परिक पद्धति तथा प्रविधिलाई बढावा दिन र प्रविधिको अधिकतम् प्रयोग गर्नेतर्फ देशले ध्यान दिनु जरुरी छ। देशको हावापानी सुहाउँदो, स्थानीय आवश्यकताबमोजिमको अनुसन्धान र प्रविधि विकास मुख्य कुरा हो। समाज सूचना र सञ्चार प्रविधिसँगै तीव्ररूपमा अगाडि बढिरहेको छ र सर्वसाधारणको पहुँचमा पनि पुगिरहेको अवस्थामा विकासको अग्रपथमा लम्किन त्यति धेरै समस्या पनि छैन।

'जेन-जी' लाई उद्यमशील बनाएर नेपालमै रोजगारी सिर्जना गर्नु पर्ने छ, जेन वाई र जेन एक्सको भूमिकाले वातावरण बनाउने काम गर्दै जेन अल्फालाई विज्ञान प्रविधितिर लैजानु आजको मुख्य चुनौती हो। विज्ञान र प्रविधिलाई राष्ट्रको समृद्धि, समानता र अधिकार कार्यान्वयनको मूल साधनका रूपमा लिएर अघि बढ्न सकेमा केही वर्षभित्र हामी साँच्चिकै विकासशील राष्ट्रहरूको सूचीमा अगाडि रहन सक्छौं।

पाठक मञ्च

## दुर्गा प्रसाईंको आतंक बन्द गर सरकार !

चिया पसल, सार्वजनिक स्थल तथा यातायातमा अहिले एउटा कुराको व्यापक चर्चा छ कि मेडिकल व्यवसायी दुर्गा प्रसाईंले नेपालको वैदेशिक ऋण २९ खर्ब ४२ ऋण मिनाहाका निम्ति किन बोल्दैनन् ? छिमेक भारत र चीनले कब्जा गरेको दार्जीलिङ, सिक्किम, टकनपुर, कोलकत्ता, कालापानी, लिम्पियाधुरा, लिपुलेकलगायत नेपाली भूभाग फिर्ता ल्याउनुपर्छ भनेर पनि बोलेका छैनन्।

देशभरि कब्जा गरिएका सरकारी, सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, मठमन्दिर, पाटीपौवालगायतको जग्गा फिर्ता ल्याउनुपर्छ भनेर पनि उनी बोलेको पाइँदैन। बरु उनी सुकुम्बासी बस्ती हटाउनुहुन्न भन्दै केही दिनअघि जडीबुटी, नरेफाँटको सुकुम्बासी बस्ती पुगे। सुकुम्बासी बस्ती हटाएमा काठमाडौं महानगरका मेयर बालेन्द्र साहको घर भत्काइदिनेसमेत उनले चेतावनी दिए।

सुकुम्बासीको नाममा हुकुम्बासीहरूले खोला नदी किनारका जग्गा हडपेको प्रसाईंलाई पनि स्पष्ट थाहा छ। तर, उनी आतंक फैलाउन सुकुम्बासी बस्ती पुगे। कहिले बैंक, वित्तीय संस्थाका पीडितलाई हातमा लिएर अराजकता मच्चाउने कहिले सुकुम्बासी बस्तीका नाममा। उनलाई न वित्तीय पीडितप्रति कुनै सान्त्वना छ न सुकुम्बासीप्रति। प्रसाईं त आफ्नो स्वार्थ परिपूर्तिका निम्ति उनीहरूको आवाज उठाए जसरी हिँडिरहेका छन्। र, महानगर, सरकारलाई धम्क्याइरहेका छन्।

सुकुम्बासी बस्तीलाई हातमा लिएर आफ्नो पक्षमा मान्छेहरू जम्मा गर्ने उनको एकमात्र उद्देश्य देखिन्छ। प्रसाईंले विभिन्न बैंकबाट ११ अर्ब ऋण लिएका छन्। त्यो पनि कमसल धितो राखेर। बैंकको ऋण नतिर्न उनी कहिले दलमा आबद्ध हुन्छन् त कहिले राजावादी। अहिले त आफैं नेताजसरी हिँडिरहेका छन्। उनले बैंकको साँवाब्याज नतिरेको वर्षौं भइसक्यो। धितो लिलाम प्रक्रिया अघि बढाएमा प्रसाईंले अनावश्यक भ्रम फैलाएर बैंक नै डुबाउने हुँदा उनको धितोसमेत बैंकले लिलाम गर्न सकेका छैनन्।

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको असरबाटै सर्वसाधारण अझै पूर्णरूपमा बाहिर आउन सकेका छैनन्। थिलोथिलो परेका व्यापारी, व्यवसायीको मनोबल माथि आएको छैन। यस्तो अवस्थामा प्रसाईंले आन्दोलन गर्छु भनेपछि सर्वसाधारण, व्यापारी, व्यवसायी झनै त्रसित भएका छन्। त्यसो त उनी एकाएक सुकुम्बासी बस्तीको पक्षमा हुनु पनि योजनाबद्ध देखिन्छ।

अहिले आफू सुकुम्बासीको पक्षमा हुने र आउँदो आन्दोलनमा उनीहरूलाई पनि सहभागी गराएर अराजकता मच्चाउने उनको योजना रहेको प्रस्ट छ। त्यसकारण अब सरकारले दुर्गा प्रसाईंलाई नियन्त्रणमा लिनुपर्छ। नभए देशमा अराजकता फैलिरहने छ। दुर्गा अरुको रोटी सेकेर खाने खालका व्यक्ति हुन्। बैंकको ऋण तिर्न नपरोस् भनेर उनी कहिले लघुवित्त, मिटरब्याज, सहकारीपीडितलाई उकास्छन् त कहिले राजावादी, सुकुम्बासीलाई।

यद्यपि, उनले देश र जनताको हितमा हुने कुरा वा मुद्दा उठाएको सुनिँदैन। जेन-जी आन्दोलनले देश खरानी भएको छ, अब प्रसाईंले आन्दोलनले के हुने हो भन्ने डर सर्वसाधारणमा बढ्दो छ।

सुशीला कार्की नेतृत्वको सरकारले तत्काल प्रसाईंलाई पक्राउ गर्नुपर्छ। नभए उनले चुनाव पनि हुन दिने छैनन्, उनकै कारण व्यापारी, व्यवसायीहरू पलायन भएर अर्थतन्त्र गम्भीर मोडमा जानसक्छ। सरकारले चुनाव विरोध तथा अर्थतन्त्रविरोधी जुनसुकै व्यक्ति, समूहलाई पक्राउ गर्नुपर्छ। किनकि, सुशीला सरकारको काम भनेकै सफल रूपमा चुनाव सम्पन्न गराउनु हो।

– रुषा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। –संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**मतदाता बन्नेको लाइन** | काभ्रेपलाञ्चोकको सदरमुकाम धुलिखेलस्थित जिल्ला निर्वाचन कार्यालयमा सोमबार मतदाता नामावली दर्ताका लागि लाइनमा बसेका नागरिक ।

*तस्बिर: रासस*

# प्राविधिक शिक्षालयलाई विद्यार्थी पाउन हम्मेहम्मे

**तम्घास–** गुल्मीमा स्थापना भएको प्राविधिक शिक्षामा विद्यार्थी पाउनै मुस्किल परेको छ । जिल्लाको इस्मा गाउँपालिका-५ मा स्थापना भएको जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा विद्यार्थीको अभाव देखिएको छ ।

गाउँमै प्राविधिक जनशक्ति तयार गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत रहेर २०७६ सालमा इस्मामा बहुप्राविधिक शिक्षालयको स्थापना गरिएको थियो । शिक्षालयमा तीन वर्षका लागि छ सेमेस्टरमा डिप्लोमा इन जियोमेटिक्स इञ्जिनियरिङ विषयको अध्ययन हुने गर्दछ । उक्त कोर्श अध्ययनपश्चात् अमिनतर्फ सर्वेक्षक पदका लागि योग्य जनशक्ति तयार हुने छ । तर न्यून विद्यार्थी संख्याकाबीच पनि शिक्षालय सञ्चालन भइरहेको छ । शिक्षालयमा प्रत्येक सेमेस्टरका लागि ४८ जनाको कोटा निर्धारण गरिएको छ । तर हालको विद्यार्थी संख्या हेर्दा आधाभन्दा पनि कम विद्यार्थी छन् ।

वि.सं. २०७६ मा स्थापना भए पनि ०७७ को शैक्षिक सत्रबाट शिक्षालयमा भर्ना खुलेको थियो । शिक्षालय प्रमुख प्रदीपराज पाण्डेका अनुसार भर्ना खुलेको वर्ष २०७७ मा १८, ७८ मा १३, २०७९ सालमा १५ जना विद्यार्थी भर्ना भए । २०८० मा भने दुईजना मात्रै भर्ना हुन आएपछि शिक्षालयले उक्त सेमेस्टरको पठनपाठन नै बन्द गर्‍यो ।

यसपछि वि.सं. २०८१ मा १२ एवं २०८२ को हालसम्म सातजना विद्यार्थी भर्ना भएका छन् । चालु शैक्षिक सत्रको भर्ना कार्यक्रम भने चलिरहेको छ । शिक्षालयमा हालसम्म छ वर्षको अवधिमा २८८ विद्यार्थी भर्ना गर्ने कोटा निर्धारण भए पनि हाल ६५ जना अर्थात् कूल क्षमताको २३ प्रतिशत विद्यार्थीमात्रै भर्ना भएका छन् । शिक्षालयमा भर्ना भएपछि २०७७, ७८, ७९ र ८१ को शैक्षिक सत्रमा भर्ना भएकामध्ये पनि १८ जनाले बीचमै अध्ययन छोडेका छन् ।

इस्मामा बहुप्राविधिक शिक्षालय सञ्चालन गर्नका लागि सिटिइभिटीले एकजना अधिकृतस्तरको प्रशिक्षक, दुई जना सहायक प्रशिक्षक, प्रशासन, लेखा, स्टोर र कार्यालय सहयोगी गरी सातजना कर्मचारीको व्यवस्था गरेको छ । गुल्मीका साथसाथै हुम्ला, जुम्ला, मुगु, बाजुरा, जाजरकोट, रुकुम पश्चिम लगायतका ठाउँबाट विद्यार्थी अध्ययनका लागि गुल्मीको शिक्षालय आएका छन् । शिक्षालय प्रमुख प्रदीपराज पौडेलले विनापूर्वाधार सरकारले भर्ना खोल्दा विद्यार्थी संख्या कम भएको बताए । उनले शिक्षालय स्थापना भएको छ वर्षसम्म पनि सामान्य पूर्वाधारसमेत नबन्नु दुखद् भएको बताए । *रासस*

# चितवनमा गैँडा गणना हुँदै

**चितवन (प्रस)–** बजेटको अभावमा गत वर्ष रोकिएको दुर्लभ एकसिंगे गैँडा गणना यस वर्ष आनुवंशिक (जेनेटिक) विधिबाट गर्ने तयारी गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले चार/चार वर्षमा गर्दै आएको गैँडा गणना गत वर्ष रोकिएको थियो ।

यस वर्ष बाघ गणनासमेत गर्ने तयारी छ । बाघ गणनापछि गैँडा गणनाको तयारी गरेको विभागले विगतको भन्दा फरक विधि प्रयोग गरेर गणना गर्ने तयारी गरेको हो । विभागको वन्यजन्तुको सर्वेक्षणसँग सम्बन्धित प्राविधिक समितिको बैठकले आनुवंशिक विधिबाट गैँडा गणना गर्न आवश्यक 'प्रोटोकल' बनाउने निर्णय गरिएको छ ।

समितिका संयोजक एवं विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्यले केही दिनमा नै प्रोटोकल तयार गरी बैठक बसेर छलफल गरिने बताए । यो विधिबाट गैँडा गणना गर्दा वैज्ञानिक र दीर्घकालीन दृष्टिले उत्तम हुने उनको भनाइ छ । नेपालमा यो विधिबाट हिउँ चितुवाकोमात्रै गणना गरिँदै आएको छ । भारतमा केही महिनाअघि हात्तीको यही विधिबाट गणना गरिएको जनाउँदै उनले विगतमा गणना गर्दै आएको विधिभन्दा कम खर्चिलो र सुरक्षित हुने बताए । विगतमा ब्लक छुटचाएर प्रत्यक्ष गणना विधि प्रयोग गरिँदै आएको थियो । यो विधिबाट गणना गर्दा निकै खर्चिलो हुने र जोखिमपूर्ण हुने गरेको छ ।

आचार्यका अनुसार सन् २०२१ मा गैँडा गणना गर्दा तीन करोड रूपैयाँ हाराहारी खर्च भएको थियो । सो क्रममा एक जना प्राविधिक हात्तीबाट लडेर गम्भीर घाइते भएका थिए । यसरी गणना गर्दा तीन साता समय लाग्ने गर्दछ । त्यसमा ठूलो संख्यामा हात्तीलगायतका सवारीसाधनसहित प्राविधिक जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ ।

आचार्यले अहिलेसम्म प्रयोग गरिएको प्रत्यक्ष र 'फोटो आइडी' विधिबाट भन्दा आनुवंशिक विधिबाट गणना गर्दा वैज्ञानिक आधारमा सबैले मान्ने विधि भएकाले यसतर्फ विभागको ध्यान गएको बताए । अन्तिम टुंगो लगाउन बाँकी रहेको भन्दै उनले आनुवंशिक विधिबाट गणना गर्दा जनशक्ति परिचालन गरी गैँडाको गोबर (मल) संकलन गरेर प्रयोगशालामा डिएनए परीक्षणबाट संख्या र लिंग पहिचान गर्ने बताए ।

आउँदो पुसमा बाघ गणना गर्ने तयारी गरिएको छ । बाघ रहेका पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो । बाघ गणनापछि गैँडा गणना गर्ने योजना रहेको छ । गत आर्थिक वर्षमा अन्तिम अवस्थामा दाताले सहयोग गर्न नसक्ने जनाएपछि रोकिएको गैँडा गणना यस वर्ष गर्न लागिएको हो । यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कार्यक्रममा केही बजेट विनियोजन गरेर गणना गर्न लागेको छ ।

बाघ भने हरेक चार-चार वर्षमा गणना गरिँदै आएको छ । सोहीअनुसार यस आर्थिक वर्षमा बाघ गणना गरिने छ । आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । एकसिंगे गैँडा गणना चैतमा गर्ने गरी कार्यक्रम अघि बढाइएको छ ।

गैँडा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु राष्ट्रिय निकुञ्जमा गणना गरिने छ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ बाघ रहेको तथ्यांक सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ रहेको तथ्यांक छ ।

सन् २०२१ मा गरिएको गैँडा गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७५२ गैँडा फेला परेका थिए । सन् १९६० को दशकमा गैँडाको संख्या घटेर करिब १०० को हाराहारीमा झरेको थियो । नेपालमा सन् १९५० को दशकमा ८०० गैँडा रहेको अनुमान छ । सन् २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमामात्रै ६९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैँडाबाट बढेर ३८ र शुक्लाफाँटमा १८ पुगेको थियो ।

# जनस्वास्थ्य प्रभावित बनाउने इँटा उद्योग बन्द गर्न माग

**तनहुँ (प्रस)–** तनहुँको व्यास नगरपालिका-१ स्थित भद्रु सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताले मानवीय स्वास्थ्य तथा वातावरणमा असर देखिन थालेपछि चिम्नी इँटा उद्योग बन्द गर्न स्थानीयको माग छ । स्थानीय सञ्चालित इँटा उद्योगबाट निस्कने धुँवाका कारण मानव स्वास्थ्य, वायु र वातावरणमा असर परेकाले उद्योग बन्द गर्न स्थानीयले माग गरेका छन् ।

सामुदायिक वनका उपभोक्ताले इँटा उद्योगबाट निस्किएको धुँवाले स्थानीयवासीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेकाले बन्द गर्न माग गर्दै घरेलु तथा पर्यटन कार्यालयमा निवेदन पेस गरेका भद्रु सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चिनबहादुर भण्डारीले जानकारी दिए । उद्योगले कोइलामात्र प्रयोग गरेर इँटा उत्पादन गर्न पाउने प्रावधान भएकामा सञ्चालकले दाउरा प्रयोग गरी निस्केको धुँवाले स्थानीय उपभोक्ताको स्वास्थ्यमा असर पुगेको उनले बताए ।

'इँटा उद्योग सञ्चालन गर्न सरकारबाट निर्धारण गरिएको प्रावधानका विरुद्ध बढी धुँवा निस्कनेगरी चलाइरहेकाले उपभोक्ताको बहुमतको निर्णयबाट बन्द गर्न मागसहित सम्बन्धित निकायमा पुगेका हौं,' उनले भने, 'इँटा उद्योग वरपर बसोबास गर्ने स्थानीयवासीको स्वास्थ्यमा बढी प्रभाव परेको छ । सञ्चालकलाई निर्धारण गरिएको प्रावधानविपरीत नजान आग्रह गर्दा पनि नमानेपछि यससँग सम्बन्धित निकायसमक्ष उद्योग बन्दको मागसहित अगाडि बढेका हौं ।' यस क्षेत्रका स्थानीयमा आँखा पोल्ने, नाक पोल्ने, श्वास फेर्न मुस्किल हुने, घाँटी दुख्ने, बोटबिरुवा तथा वातावरण प्रदूषित बनेको अध्यक्ष भण्डारीले जानकारी दिए ।

सामुदायिक वनमा आबद्ध १८० उपभोक्तामध्ये १४० उपभोक्ताले मानव स्वास्थ्य, वनजंगल तथा वायु प्रदूषणमा प्रभाव पारेकाले उद्योग बन्द गरी स्वच्छ वातावरण बनाउन माग गरेका छन् । औद्योगिकीकरणभन्दा बढी मानव स्वास्थ्य तथा वायु प्रदूषण जोखिमयुक्त भएकाले तत्काल सञ्चालनमा रोक लगाउन आवश्यक रहेको सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष कुलबहादुर दरैले बताए । 'विगतमा हामी मानव स्वास्थ्य, वायु तथा वातावरण प्रदूषणका विषयमा अनभिज्ञ थियौं । अहिले बुझ्दै गएका छौं । मानव स्वास्थ्यका लागि स्वच्छ वायु तथा वातावरण बनाउनुपर्छ । त्यसैले मावन स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने उद्योग बन्द हुनुपर्छ,' उनले भने ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशका उपसचिव महाराज ढकालले उद्योगको अनुगमन गर्दै सामुदायिक वन उपभोक्ता तथा वातावरणमा असर गरेका विषयमा अझ बढी अध्ययन गर्नुपर्ने र हालका लागि उद्योग सञ्चालन स्थगन गर्नुपर्ने बताए । उनले भने, 'मानव स्वास्थ्यमा नै प्रत्यक्ष रूपमा प्रभाव पारेको गुनासो आइसकेको छ । उपभोक्ताको स्वास्थ्य तथा वातावरणको प्रभावले दीर्घकालसम्म अझ बढी प्रभाव पार्नुबाट जोगाउन उचित रहेको छ ।' गहनरूपमा अध्ययनका लागि हाललाई उद्योग सञ्चालनमा रोक लगाउन उचित रहेको बताए । सामुदायिक वन उपभोक्ताले उद्योगको कमीकमजोरीसहित निवेदन पेस गरिसकेकाले मानव स्वास्थ्य तथा वातावरणलाई सन्तुलित र स्वच्छ बनाउनेतर्फ प्राथमिकतामा हुनुपर्नेमा जोड दिए ।


## Invitation for Bids

**Rainadevi Chhahara Rural Municipality**

**Office of the Rural Municipal Executive**

Chhahara, Palpa

*First Date of publication: 12th November 2025 AD (2082-07-26 BS)*

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website www.rainadevichhaharamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The estimated amount of works is NRs.34,54,326.77 (excluding VAT but including PS).
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
5. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/W/N CB-06/2082-83 | Rainadevi Chhahara Office Landscaping Works | 26th Mangsir 2082 12:00PM | 26th Mangsir 2082 01:00PM | 90 & 120 days | Rs.1,00,000.00 | Rs.3,000.00 |

*Chief Administrative Officer*



## साउदीमा रोजगार

कम्पनी : Saleh Eid Al Saady Factroy for Ready Mix Concrete

पूर्व स्वीकृति मिति : २०८१/०४/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२४ | LT. No. 307795 | चलानी नं. ६०२२२५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 20 | 0 | 1800 | ६८,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading and Unloading Labor | 8 | 0 | 1000 | ३७,८४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदार आफैले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



## मलेसियामा रोजगार

कम्पनी : ZAFRAN SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 331569 | चलानी नं. ६०२४५२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 54 | 0 | 1700 | ५८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Rasuwa Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ११३०/०७३/०७४
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 /
Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com



## साउदीमा रोजगार

कम्पनी : FOOD LEADER COMMERCIAL ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 333552 | चलानी नं. ६०२४७२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५६,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४



## साउदीमा रोजगार

कम्पनी : ABDULRAHMAN AJAB AL-OTAIBI COMPANY LIMITED.

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 333174 | चलानी नं. ६०२४७२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 2 | 0 | 1000 | ३७,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २६ गते (12th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम इजाजत नं. १३१८/७४/७५



## साउदीमा रोजगार

कम्पनी : HAMED BIN SAUD BIN SAMAR AL-OTAIBI COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 317153 | चलानी नं.६०२३१४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३७,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम इजाजत नं. १६६५/०८०/८१



## मलेसियामा रोजगार

कम्पनी : COUNTERFORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 333573 | चलानी नं. ६०२४७२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd.
Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



## कुवेतमा रोजगार

कम्पनी : FESHTUCKY BAKERY & OVEN RESTURANT CO.

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 333560 | चलानी नं. ६०२४७२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 5 | 0 | 100 | ४६,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ३ गते (19th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD
श्रम इजाजत नं. १५७१/०७९/०८०
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com




### चलचित्र 'जारी २' पुनः सेन्सर

चलचित्र 'जारी २' पुनः सेन्सर भएको छ। उपेन्द्र सुब्बा निर्देशित चलचित्रले केही सिनहरू थपघट गरेपछि पुनः सेन्सर गराएको हो। चलचित्र रिलिजपछि प्राप्त सुझावका आधारमा निर्माण युनिटले फिल्ममा सिन थपघट गरेको हो। थपघट गरिएको चलचित्र सोमबार सेन्सर गरिएको छ। पछिल्लो समय सेन्सर बोर्डले सेन्सर फिल्मको अनुगम गर्न थालेपछि चलचित्रकर्मीहरू सचेत बनेका छन्। 'जारी २' को रि सेन्सर त्यसैको नतिजा हो। यसअघि सेन्सर भएको फिल्म २ घण्टा ७ मिनेटको थियो। अहिले भने २ घण्टा २१ मिनेट रहेको छ।






# 'पिआर'को जापान प्रदर्शन अधिकार बिक्री, 'सोल्ड आउट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मंसिर २६ गतेबाट अल नेपाल प्रदर्शनमा आउन लागेको नेपाली चलचित्र 'पीआर'ले जापानमा आफ्नो प्रदर्शन अधिकार बिक्री गरेको छ। जापानमा फिल्म वितरण गर्दै आएको युना डिजिटलले सो अधिकार खरिद गरेको हो।

चलचित्रका निर्देशक शोभित बस्नेतले जापानमा फिल्म 'सोल्ड आउट' भइसकेको जानकारी दिएका छन्। उनले भने, 'अहिले जापानका लागि यो फिल्म राम्रो रकममा बिक्री गरिसकेका छौँ। अन्य देशका फिल्म वितरकहरूसँग पनि छलफल भइरहेको छ र केही दिनमै थप जानकारी दिनेछौं।'

निर्देशक बस्नेतका अनुसार, 'पीआर' प्रेम, संघर्ष र आप्रवासनसँग जोडिएको भावनात्मक कथामा आधारित भएकाले पनि विदेशमा रहेका नेपाली दर्शकमाझ फिल्मप्रतिको चासो उच्च देखिएको छ। उनका भनाइमा, 'फिल्ममा विदेशमा रहेका छोराछोरीको जीवन र नेपालमा रहेका अभिभावकले उनीहरूप्रति गरेको अपेक्षालाई कथाको केन्द्र बनाइएको छ।'

हालै सार्वजनिक भएको फिल्मको गीत 'टाटा बाइ बाइ' ले पनि सामाजिक सञ्जालमा राम्रो लोकप्रियता पाइरहेको छ। गीत युट्युबमा रिलिज भएको केही




दिनमै ट्रेन्डिङमा पुगेको छ भने टिकटकमा समेत यसको शब्द र धुनमा बनेका छोटा भिडिओहरू व्यापक बनेका छन्।

फिल्ममा नीर शाह, गौरी मल्ल, आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, मस्तानी, बिमला खत्री, गणेश बुढाथोकी, म्याक्स बाबू , कृष्ण थापा, र नवीन घायल लगायतका कलाकारको अभिनय रहेको छ। विशेष भूमिकामा रविन्द्र खड्का, उत्तम के.सी., र दिक्पाल कार्की देखिने छन्।

चलचित्रका प्रस्तुतकर्ता रञ्जित साह र सन्तोष तिवारी हुन् भने निर्माता लक्ष्मण सापकोटा र प्रदीप दाहाल हुन्। गणेश बुढाथोकीले लेखन तथा बन्दे प्रसादले सम्पादन गरेका यो फिल्मको छायांकन सौरभ सायमी र सौरभ लामाले गरेका हुन्। वितरणको जिम्मा आर.आर. फिल्म्सले लिएको छ।

निर्माण पक्षले जापानमा अधिकार बिक्रीसँगै अन्य देशका नेपाली दर्शकमाझ पनि 'पीआर'को प्रतीक्षा बढेको जनाएको छ। यसअघि यो फिल्मको अष्ट्रेलियाका विभिन्न शहरहरूमा विशेष शो गरिएको थियो। जहाँ हजारौ दर्शकले हेरेका थिए।

# १५ कलाकर्मीलाई 'सांस्कृतिक रूपान्तरण सम्मान तथा पुरस्कार'

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र विकास बोर्डले नेपाली चलचित्र क्षेत्रको सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा योगदान पुर्याएको भन्दै १५ जना वरिष्ठ तथा युवा कलाकार, निर्माताक्षेत्रका व्यक्तित्व र प्राविधिकलाई 'सांस्कृतिक रूपान्तरण सम्मान तथा पुरस्कार' प्रदान गरेको छ।

बोर्ड परिसर, चाबहिलमा सोमबार एक कार्यक्रमकाबिच सञ्चारमन्त्री जगदीश खरेलले उक्त सम्मान तथा पुरस्कार कलाकर्मीहरूलाई प्रदान गरेका हुन्। कलाकर्मीहरूलाई २० हजार नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको थियो।

सम्मानित हुनेमा शिव श्रेष्ठ (कलाकार), सबिता गुरुङ (कलाकार), तीर्थ थापा (निर्देशक),यस कुमार (संगीतकार/गायक/निर्देशक), ध्रुव लम्साल (चलचित्र पत्रकार), रम्यता लिम्बू (चलचित्र महोत्सव व्यवस्थापक), सम्झना रौनियार (निर्देशक), युवराज लामा (निर्माता/निर्देशक), हेमन्त बुढाथोकी (कलाकार), किशन पोखरेल (निर्माता), स्व. केशव भट्टराई (कलाकार - मरणोपरान्त), नाजिर हुसेन (कलाकार), रिमेश अधिकारी (निर्देशक), रेनीश फागो (रंग संयोजक/प्राविधिक), अन्जु पन्त (गायिका) लगायत रहेका छन्। कार्यक्रममा कलाकार संघ, निर्माता संघ, प्राविधिक संघ, पत्रकार संघ, तालीम तथा केन्द्रीय छनौट समिति लगायतका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति थियो।

# ग्रामी अवार्डमा 'साउन्ड्स अफ कुम्भ'को मनोनयन

**नयाँदिल्ली–** 'साउन्ड्स अफ कुम्भ' एल्बमलाई ६८औं ग्रामी अवार्डमा सर्वश्रेष्ठ विश्वव्यापी संगीत एल्बम श्रेणीमा मनोनित गरिएको छ। यो एल्बम महाकुम्भ महोत्सवबाट प्रेरित छ। गायक-संगीतकार सिद्धान्त भाटियाद्वारा प्रस्तुत गरिएको यो एल्बम भारतीय संगीतका लागि प्रमुख सफलता हो।

एल्बममा १२ गीतहरू छन्। यसमा भारत र विदेशका लगभग ५० कलाकारहरूको काम समावेश छ। एल्बमले उत्तर प्रदेशको प्रयागराजमा आयोजित महाकुम्भको भावनालाई समेट्छ। महाकुम्भ यस वर्ष जनवरी र फेब्रुअरीको बिचमा ४५ दिनसम्म चलेको थियो। यसमा विश्वभरबाट ठुलो संख्यामा तीर्थयात्रीहरू आएका थिए।

'साउन्ड्स अफ कुम्भ'मा महाकुम्भका प्रत्यक्ष फिल्ड रेकर्डिङहरू छन्। यसमा प्राचीन मन्त्र र बाइनोरल बिटहरूलाई पनि समावेश गरिएको छ। यसमा सिद्धान्त भाटियाका साथै, जिम किमो वेस्ट, राघव मेहता, माडी दास, रोन कोर्ब, चारु सुरी र देवराज सन्याल लगायतले योगदान दिएका छन्। एल्बममा वी सेल्वागणेश, राजा कुमारी, आदित्य गढवी, कनिका कपूर, कला रामनाथ, भानुमती नरसिंहन, प्रवीण गोदखिंडी, अजय प्रसन्ना, र कल्याणी नायरको कामलाई पनि समावेश गरिएको छ।

ग्रामीमा एलम्बले मनोनयन पाउनु महाकुम्भ मेलाको शान्ति र एकताको सन्देशले मान्यता पाउनु भएको सिद्धान्त भाटियाले भनेका छन्। यसलाई उनले भारतीय संगीतमा कोसेढुङ्गा साबित भएको बताएका छन्। ६८औं वार्षिक ग्रामी अवार्ड २०२६ को फेब्रुअरी १ मा लस एन्जलसको क्रिप्टोडटकम एरिनामा आयोजना हुनेछ। *एजेन्सी*

## रंगशाला

# 'ए' डिभिजन चार महिनाभित्र आयोजना गर्ने सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) र शीर्ष डिभिजन क्लबहरूबीच अबको १२० दिनभित्र सहिद स्मारक 'ए' डिभिजन लिग गर्ने सहमति भएको छ।

युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले मंगलबार बोलाएको सरोकारवालासँगको छलफलमा एन्फा पदाधिकारी र शीर्ष डिभिजन क्लबबीच अबको चार महिनाभित्र लिग गर्ने सहमति भएको हो। सिंहदरबारस्थित खेलकुद मन्त्रालयमा मन्त्री गुप्ताले बोलाएको छलफलमा एन्फाले शीर्ष डिभिजन लिग फागुन अन्तिम सातादेखि गर्ने प्रस्ताव अघि सारेको थियो। यसका लागि मन्त्री आफैंले एन्फालाई लिगको मिति प्रस्ताव गर्न आग्रह गरेका थिए।

कार्तिक १७ गते सातदोबाटोस्थित एन्फा मुख्यालयमा एन्फा र क्लबबीच सम्पन्न बैठकबाट आगामी पुस ९ गतेबाट राष्ट्रिय लिग गर्ने सहमती जुटेको थियो। यसैगरी उक्त बैठकले अर्को वर्षको पुष ३ गते सहिद स्मारक 'ए' डिभिजन लिग गर्ने सहमति पनि जुटाएको थियो।

यो वर्ष पनि लिग नहुने भएपछि नेपाल फुटबल खेलाडी संघले बिहिबार धर्ना कार्यक्रम गरेको थियो। खेलाडी संघले एक साता भित्रमा एक डिभिजन लिग गर्ने सुनिश्चित नभए आन्दोलनलाई जारी राख्ने घोषणा गरेको थियो। मंगलबार शीर्ष डिभिजन क्लबसँगै खेलाडी संघका पदाधिकारीको पनि उपस्थिति थियो।

# महिला क्रिकेट टोली भारत प्रस्थान

■ प्रभाव संवाददाता

**दोधारा चाँदनी –** नेपाल महिला राष्ट्रिय क्रिकेट टोली भारत प्रस्थान गरेको छ। उत्तराखण्ड क्रिकेट एशोसिएसनको आयोजनामा यही कात्तिक २७ गतेदेखि मङ्सिर ३ गतेसम्म भारतको देहरादुनमा स्थानीय टोलीसँग मैत्रीपूर्ण खेल खेल्न उक्त टोली भारत प्रस्थान गरेको हो।

महिला टोलीलाई जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरले एक कार्यक्रमबीच बिदाइ गरेको हो। देहरादुनमा हुने सो प्रतियोगितामा नेपालले भारतको राजस्थान, पश्चिमबंगाल र उत्तराखण्डसँग ६ खेल खेल्ने तालिका रहेको नेपाल क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष एवं क्यानका केन्द्रिय सदस्य वीरेन्द्रबहादुर चन्दले जानकारी दिए।

उनका अनुसार नेपालले पहिलो खेल कात्तिक २७ गते राजस्थानविरुद्ध खेल्नेछ। यस्तै कात्तिक २८ गते उत्तराखण्डसँग, कात्तिक २९ गते पश्चिमबंगालसँग, आगामी मङ्सिर १ गते राजस्थानसँग, मङ्सिर २ गते उत्तराखण्डसँग र अन्तिम खेल मङ्सिर ३ गते पश्चिम बंगालविरुद्ध खेल्ने छ।

'विश्वकप क्रिकेट छनोटको तयारीका लागि महिला टोली भारत गएको हो, यो प्रतियोगिताबाट खेलाडीको क्षमता बढ्ने छ', उनले भने। टोलीमा कप्तान इन्दु बर्मा, कविता कुँवर, साना परविन, रुबिना क्षेत्री, अलिशा यादव, इश्वरी विष्ट, रोमा थापा, अश्मिना कर्माचार्य, सवनम राई, विन्दु रावल, पूजा महतो, लक्ष्मी साउद, मनीषा उपाध्याय, सीमाना केसी र ममता चौधरी रहेका छन्।


**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

## Invitation for electronic Bids

**First date of publication: 12 November, 2025**

1. Chame Rural Municipality, Manang Invites the electronic bids only under e-procurement system from eligible bidders for construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documentscan be downloaded from PPMO's website ***www.bolpatra.gov.np/egp*** or may obtain at office. Interested eligible bidders are requeste submit E-Bid only as per instruction within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Lok priya Ma.Bi. Ma Three Room Two nos. Building And Other Construction works. | CRM-Works/ 02/082/083 | 3000.00 | 7988419.08 | 196000.00 | |
| ***Last date of bid submission : 14 December,2025*** | | | | | | |

2. ***Information to Deposit the cost of bidding document and bid security in Bank.***

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| **Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal<br>**Name of the Office:** Chame Rural Municipality, Chame Manang Nepal<br>**Office Code no:** 811044001<br>**Office Account no:** Ga1.1(12803000001001000001)<br>**Rajaswa (Revenue) Shrishak No:** 14229 | **Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal<br>**Name of the Office:** Chame Rural Municipality, Chame Manang Nepal<br>**Office Code no:** 811044001<br>**Office Account no:** 12803000001001000001 |

**Chief Administrative Officer**



फिलिपिन्सको मनिलाको उत्तरमा रहेको कागायन प्रान्तस्थित टुगेगाराओ सहरमा मंगलबार बाढीले डुबानमा परेका घर र खेतबारीको हवाई दृश्य । *तस्बिरः एएफपी*

# अमेरिकी सरकारको लामो सटडाउन अन्त्यतर्फ



**वासिङ्टन–** अमेरिकी सरकारको इतिहासकै सबैभन्दा लामो सटडाउन अन्त्यतर्फ अघि बढ्दै गएको छ । सोमबार सिनेटमा स्टपग्याप कोष विधेयक ६०-४० मतले पारित भएपछि देश पुनः सञ्चालनमा फर्किने आशा देखिएको हो ।

यस विधेयकलाई समर्थन गर्न धेरै डेमोक्रेटिक सिनेटरले पार्टीको रेखा तोड्दै रिपब्लिकनहरूसँग मत दिएका थिए । अब यो विधेयक प्रतिनिधिसभामा मतदानका लागि पठाइने छ, जहाँ रिपब्लिकनहरूको नियन्त्रण रहेको छ । अक्टोबर १ बाट सुरु भएको सटडाउनका कारण करिब दश लाख संघीय कामदार बेतलबी बनेका थिए र विभिन्न सरकारी सेवा तथा सुविधा बन्द भएका थिए । हालै हवाई यातायातमा गम्भीर असर परेपछि दैनिक एक हजारभन्दा बढी उडान रद्द हुँदा राजनीतिक दबाब झनै बढेको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्पले ओभल अफिसमा पत्रकारहरूसँग कुरा गर्दै भने, 'हामी हाम्रो देशलाई अब धेरै चाँडै पुनः खोल्ने छौं । यो सम्झौता निकै राम्रो छ ।'

सिनेटमा मतदानपछि रिपब्लिकन नेता जोन थुनले एक्समा लेखे, 'यो अनावश्यक सटडाउनलाई जिम्मेवार तरिकाले अन्त्य गर्न पाउँदा म अत्यन्त सन्तुष्ट छु । यसले संघीय कामदारहरूलाई तुरुन्तै भुक्तानी दिलाउने छ र सरकार पुनः सञ्चालनमा ल्याउने छ ।' रिपब्लिकन विधेयकलाई समर्थन गर्ने डेमोक्रेटिक सिनेटर जोन फेटरम्यानले पनि एक्समा लेखे, 'सबैलाई खाना दिनुहोस् । हाम्रो सेना, सरकारी कर्मचारी र क्यापिटल प्रहरीलाई भुक्तान गर्नुहोस् । विमानस्थलको अराजकता अन्त्य गर्नुहोस् । देश पार्टीभन्दा ठूलो हो ।'

सिनेटबाट विधेयक पारित भएपछि अब यो प्रतिनिधिसभामा पेस हुने तयारी भइरहेको छ । मंगलबार राष्ट्रिय बिदा भएकाले बुधबार बिहान चाँडै सभामा छलफल अपेक्षित छ ।

सदनका सभामुख माइक जोनसनले पत्रकारहरूसँग भने, 'हाम्रा लामो राष्ट्रिय दुःस्वप्न अन्त्य हुने क्रममा छ । केही डेमोक्रेटहरू अहिले अन्ततः त्यही गर्न तयार देखिन्छन्, जुन रिपब्लिकन र राष्ट्रपति ट्रम्पले हप्तौंदेखि आग्रह गर्दै आउनुभएको थियो ।' सटडाउनका क्रममा स्थगित गरिएको सदन यस हप्ता पुनः बोलाइने उनले जानकारी दिए ।

## 'ओबामाकेयर' विवाद

सिनेटमा गतिरोधको प्रमुख कारण स्वास्थ्य बिमा कार्यक्रम 'ओबामाकेयर' सम्बन्धी अनुदान विस्तार हो । डेमोक्रेटहरूले वर्षको अन्त्यमा सकिने बिमा अनुदानलाई निरन्तरता दिन माग गरेका थिए, तर रिपब्लिकनहरूले सरकार खुलाएपछि मात्र वार्ता गर्न सकिने अडान लिएका थिए ।

यदि अनुदान विस्तार भएन भने 'ओबामाकेयर' अन्तर्गत बिमा लिएका लाखौं अमेरिकीको खर्च दोब्बर हुन सक्छ । आइतबार राति भएको सम्झौताअनुसार सरकार जनवरीसम्म पुनः सञ्चालन हुने छ । केही कार्यक्रम पूरै आर्थिक वर्षका लागि वित्तपोषित हुने छन् र ट्रम्प प्रशासनले बर्खास्त गरेका केही संघीय कामदारलाई पुनः नियुक्त गरिने छ ।

यस विधेयकले विशेषगरी चार करोड २० लाखभन्दा बढी न्यून आय भएका अमेरिकीलाई सहयोग पुऱ्याउने एसएनएपी खाद्य सहायता कार्यक्रमको कोष पुनःस्थापित गर्ने छ । सिनेटका बहुमतका नेता जोन थुनले भने, '४० दिनको अनिश्चिततापछि अन्ततः पोषण कार्यक्रम, हाम्रा दिग्गजहरू र अन्य प्राथमिक क्षेत्रहरूले पूर्ण वर्षको कोष पाउने छन् भन्नेमा म खुसी छु ।' तर स्वास्थ्य बिमा अनुदान विस्तारको सुनिश्चितता अझै नभएको कारण केही डेमोक्रेटहरू असन्तुष्ट देखिएका छन् ।

## डेमोक्रेटभित्र विभाजन

सम्झौता समर्थन गर्ने आठ डेमोक्रेटमध्येकी सिनेटर जीन साहिनले भने, 'सिनेटले लाखौं अमेरिकीको स्वास्थ्य हेरचाह सुरक्षित गर्ने दिशामा ठूलो कदम चालेको छ ।' उनको भनाइमा यो सम्झौताले अल्पमतमा रहेका डेमोक्रेटहरूलाई पनि स्वास्थ्य हेरचाह विषयमा मतदान आह्वान गर्ने अधिकार दिएको छ । तर अनुदान विस्तारको ग्यारेन्टी नभएकाले धेरै डेमोक्क्रेटहरू असन्तुष्ट बनेका छन् । क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमले एक्समा लेखे, 'दयनीय निर्णय ।'

सिनेटका शीर्ष डेमोक्रेट चक शुमरले भने उक्त उपायलाई अस्वीकार गर्दै भने, 'यो प्रस्तावले स्वास्थ्य सेवा संकटलाई समाधान गर्न सक्दैन । हाम्रो लडाइँ जारी रहने छ ।' उनको कमजोर नेतृत्वका कारण पार्टी एकताबद्ध हुन नसकेको भन्दै केही सांसदहरूले शुमरको आलोचना गरेका छन् । म्यासाचुसेट्सका प्रतिनिधि सेठ मौल्टनले भने, 'आज राति फेरि प्रमाणित भयो कि हामीलाई नयाँ नेतृत्व किन आवश्यक छ ।' *रासस/एएफपी*

# पूर्वप्रधानमन्त्री हसिनाविरुद्धको फैसला नोभेम्बरको अन्त्यतिर आउने संकेत

**ढाका–** बंगलादेशकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध दायर मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दाको फैसला यसै नोभेम्बर महिनाको अन्त्यतिर हुने अपेक्षा गरिएको छ । बंगलादेशका सरकारी अभियोजनकर्ताहरूले मंगलबार यसबारे जानकारी दिएका हुन् ।

गत महिना मुद्दा सुनुवाइ सकिएपछि फैसलाको मितिबारे केही भ्रम उत्पन्न भएको थियो । अदालतले नोभेम्बर १३ का लागि नयाँ सुनुवाइको मिति तोकेको छ, जसमा फैसला सुनाउने मिति घोषणा गरिने अपेक्षा गरिएको छ ।

बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणका अभियोजक गाजी मनोवर हुसेन तमीमले भने, 'बिहीबारको सुनुवाइको उद्देश्य केवल फैसलाको मिति घोषणा गर्नु हो । हाम्रो अघिल्ला अनुभवका आधारमा अदालतले अन्तिम फैसला सुनाउन थप एक हप्ता समय लिन सक्छ । नोभेम्बर १३ मा अदालतले फैसला सुनाउने मिति तोक्ने तयारी गरेको छ ।' सन् २०२४ अगस्टमा भएको घातक विद्रोहपछि हसिनाको सरकार अपदस्थ भएको थियो । लामो समयदेखि सत्तामा रहेकी हसिनाको पतनसँगै बंगलादेश राजनीतिक अस्थिरतामा डुबेको छ । आगामी सन् २०२६ फेब्रुअरीमा हुन लागेको आमनिर्वाचनकोपूर्वसन्ध्यामाहिंसात्मक घटनाहरू तीव्र बन्दै गएका छन् ।

७८ वर्षीया हसिनामाथि विद्यार्थी नेतृत्वमा भएको आन्दोलनलाई दबाउने क्रममा घातक दमनको आदेश दिएको आरोप लगाइएको छ । भारतमा निर्वासनमा रहेकी उनी अदालतको उपस्थितिको आदेश उल्लंघन गर्दै अनुपस्थित रहेकी थिइन् । सन् २०२४ को जुन १ मा सुरु भएको उक्त मुद्दाको सुनुवाइमा सयौं साक्षीको बयान लिइएको थियो । अभियोजन पक्षका अनुसार हसिनाले सामूहिक हत्याको आदेश दिनुका साथै आन्दोलन रोक्न असफल भएर मानवताविरुद्धको अपराध गरेकी थिइन् ।

संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार सन् २०२४ को जुलाईदेखि अगस्टसम्मका बीचमा भएको हिंसामा झण्डै एक हजार ४०० जनाको मृत्यु भएको थियो । अभियोजकहरूले पाँचवटा प्रमुख आरोप दर्ता गरेका छन्, जसमा हत्या रोक्न असफल हुनु, मानवताविरुद्धका अपराध र राजनीतिक दमनलाई उक्साउने कार्यसमेत समावेश छन् । दोषी ठहरिए हसिनालाई मृत्युदण्डको सजाय माग गरिएको छ । हसिनाले भने सबै आरोप अस्वीकार गर्दै आफ्नो मुद्दालाई 'न्यायिक प्रणालीमाथिको मजाक' को संज्ञा दिएकी छन् । *रासस/एएफपी*


## जय देवी देउराली सप्लायर्स प्रा.लि. (लिक्वीडेशन)
### सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन बमोजिम मिति २०७६/०९/१० मा दर्ता भएको प्रा.लि.नं. २३१२१९ को **जय देवी देउराली सप्लायर्स प्रा.लि.** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८२।०५।१५ गतेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री पूर्णप्रसाद पराजुली**
लिक्वीडेटर इजाजत पत्र नं. ३५३, मो. नं. ९८५१०२६३३२

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना
**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०७/२६**

यस कम्पनीको मिति २०८२/०७/१८ गतेको साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको नाम **एलिसा मगर कन्स्ट्रक्सन (दर्ता नं. २६२०५१)** को नाममा रहेको चल–अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **श्रेष्ठ शरण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

## बोलपत्रद्धारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२६

यस महादेव सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ४ र ५, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई लाटीखोला, हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ६४ को ५८०.७४ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री महादेव सा.व.उ.स./ हरिहरपुरगढी गा.पा.- ४ र ५, सिन्धुली**

## सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको
### वार्षिक साधारण सभा बस्ने सूचना
**प्रकाशित मिति : २०८२/०७/२६**

यस सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०७/१६ को निर्णयअनुसार यस कम्पनीको बार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल हुने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागी सादर अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति :- २०८२ साल मंसिर २० गते शनिबार (तदअनुसार डिसेम्बर ६-२०२५)
समय :- दिनको ८:०० बजे
स्थान :- SGPA भवन, ललितपुर महानगरपालिका-१४ नखिपोट, कम्पनीको रजिष्टर्ड कार्यालय सभाहल ।

**प्रस्ताव तथा छलफलका विषयहरू :-**

१. कम्पनीको आ.व.२०८०/०८१ र आ.व.२०८१/०८२ को प्रगती विवरण सम्बन्धमा ।
२. कम्पनीको आ.व.२०८०/०८१ र आ.व.२०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने सम्बन्धमा ।
४. सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक कामकाज समायोजन गर्न सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धमा ।
५ विविध सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## Bishrampur Rural Municipality
## Office of the Rural Municipal Executive
**Bishrampur, Bara**
**Madhesh Province, Bara, Nepal**

### Notice of Invitation for Electronic Bids

**Date of Publication: 12/11/2025**

1. ***Bishrampur Rural Municipality*** invites electronic bids from Nepalese eligible bidders for construction of following works under National Competitive Bidding procedures.

| S.No | Contract ID No. | Description of Works | Cost of Bid Document (NRs.) | Bid Validity Period | Estimated Cost Amount (Incl. of VAT and PS) | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BSHRM/NCB/ WORKS/02/2082/083 | Construction of Incomplete Office Building of 5 No. Ward, Itiyahi in Bishrampur Rural Municipality ,Bishrampur, Bara. | 3,000.00 | 90 days | 22,00,000.00 | 65,000.00/ 120 days |
| Deadline for Bid Submission : | | | | a) 12/12/2025 till 12:00 Hrs | | |
| Date,Time and Place of Bid Opening : | | | | a) 12/12/2025 till 13:00 Hrs at Bishrampur Rural Municipality, Bishrampur, Bara. | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Bishrampur Rural Muncipality , Bishrampur, Bara Email: Bishrampurgapa@ gmail.com and mobile no. 9849939524,9855087988*** or may visit PPMO website www. bolpatra.gov.npरमनउ.
3. Bidder shall submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra. gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **Rs 3000/-**(non-refundable) of bidding document in the **Rajaswa (revenue)** account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: ***NMB BankLtd.***
   Name of Office:***Bishrampur Rural Municipality***
   Office Account no.: ***1130072030800038***
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २४६७०० | प्रति तोला – ० | प्रति तोला – ३१७० |



चितवनको नारायणी नदी किनार, नारायणगढमा जारी महोत्सवको मुख्य प्रवेशद्वारमा निर्माण गरिएको नमुना 'लन्डन ब्रिज' अगाडि तस्बिर खिच्दै रमाइरहेका दर्शकहरू। दर्शकहरूले महोत्सवमा प्रवेश गर्नु अघि सो पुल अगाडि रोकिने, तस्बिर खिच्ने र अवलोकन गर्ने क्रम बढेको छ। महोत्सव परिसरमा फरकपन र सौन्दर्य थप्ने उद्देश्यले तयार गरिएको यो संरचनाले दर्शकको ध्यान खिचिरहेको छ। *तस्बिरः सनद अधिकारी/रासस*

जेन-जी आन्दोलनको क्षति

## तीन अर्ब ६८ करोडभन्दा बढी बिमा भुक्तानी

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेनजी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बिमा दाबीमध्ये हालसम्म निर्जीवन बिमा कम्पनीले करिब रु तीन अर्ब ६८ करोड ४१ लाख भुक्तानी गरेका छन्।

नेपाल बिमा प्राधिकरणमा निर्जीवन बिमा कम्पनीबाट प्राप्त पछिल्लो तथ्यांकअनुसार सो आन्दोलनका क्रममा परेका बिमा दाबी कूल रु २३ अर्ब ४६ करोड ९१ लाख रहेको प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले जानकारी दिए।



▸▸ नेपाल बिमा प्राधिकरणमा निर्जीवन बिमा कम्पनीबाट प्राप्त पछिल्लो तथ्यांकअनुसार सो आन्दोलनका क्रममा परेका बिमा दाबी कूल रु २३ अर्ब ४६ करोड ९१ लाख रहेको छ।

ती दाबीमध्ये अग्रिम भुक्तानीसहित सम्पत्ति बिमातर्फ ६९३ वटा दाबीको रु १९ अर्ब चार करोड नौ लाख रकममध्ये करिब रु दुई अर्ब ९२ करोड ८६ लाख, मोटर बिमातर्फ दुई हजार २९० वटा दाबीको करिब रु तीन अर्ब ४७ करोड सात लाखमध्ये रु ६८ करोड ६१ लाख भुक्तानी भएको कार्यकारी निर्देशक सुवेदीले बताए।

त्यसैगरी, इन्जीनीयरिङ तथा ठेक्का जोखिम बिमातर्फ २०९ वटा दाबीको करिब रु ५४ करोड ७५ लाखमध्ये रु ६ करोड २३ लाख, परिवहन बिमातर्फ १२ वटा दाबीको करिब रु एक करोड ६८ लाखमध्ये रु ४७ लाख र अन्य बिमातर्फ ४२ वटा दाबीको करिब रु ३९ करोड ३० लाखमध्ये रु २३ लाख अग्रिम भुक्तानी भएको प्राधिकरणले जनाएको छ।

यसैबीच जेनजी आन्दोलनका क्रममा भएका क्षतिको बिमा दाबी भुक्तानीका लागि नेपाल पुनःबिमा कम्पनीले निर्जीवन बिमा कम्पनीलाई करिब रु दुई अर्ब ४८ करोड १० लाख अग्रिम भुक्तानी उपलब्ध गराएको प्राधिकरणले जनाएको छ।

नेपाल पुनःबिमा कम्पनीमा हालसम्म दुई हजार ८५७ वटा पुनःबिमा दाबी दर्ता भई सोको कूल रकम करिब रु १५ अर्ब ८२ करोड ७० लाख पुगेको छ। बिमा दाबी छिटो र पारदर्शी रूपमा भुक्तानी सुनिश्चित गर्न प्राधिकरणले बिमा कम्पनी र पुनःबिमा कम्पनीसँग निरन्तर समन्वय गरिरहेको कार्यकारी निर्देशक सुवेदीले बताए।

## क्यासिनोलाई अनुमतिबिना विदेशी मुद्राको कारोबार गर्न प्रतिबन्ध

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले क्यासिनोसहित यस्ता प्रकृतिका संस्थाले अनुमति (इजाजत) लिएर मात्रै विदेशी मुद्राको कारोबार गर्नुपर्ने व्यवस्था गरेको छ। केन्द्रीय बैंकले एक सूचनामार्फत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा तीन अनुसार इजाजत लिएर मात्रै विदेशी विनिमयको कारोबार गनुपर्ने प्रावधान अनुसार नयाँ प्रबन्ध गरिएको जनाएको छ।

विदेशी विनिमयका सम्बन्धमा विभिन्न विनियमावलीसमेत जारी भएको स्मरण गराउँदै केन्द्रीय बैंकले क्यासिनोलाई विदेशी विनिमयको कारोबार गर्न इजाजत प्रदान गर्ने स्म्बन्धमा नयाँ व्यवस्था गरिएको जनाएको हो। क्यासिनोलगायतका संस्थाले इजाजत लिएर विदेशी विनिमय (भारतीय मुद्रा समेत)को कारोबार गर्नु/गराउनु पर्ने केन्द्रीय बैंकको सूचनामा उल्लेख छ।

त्यस्तै, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन जारी गर्दै 'प्रिपेड कार्ड', 'डेबिट कार्ड' र 'क्रेडिट कार्ड'बाट गरिने कारोबारको सीमा निर्धारण गरिएको छ। नयाँ व्यवस्थाअनुसार डेबिट कार्डबाट प्रतिकारोबार रु २० हजार बराबर मात्रै गर्न सकिने केन्द्रीय बैंकले जनाएको छ। यो व्यवस्थाअनुसार अब प्रतिदिन रु ५० हजार बराबरको मात्रै कारोबार हुनेछ। यसअघि प्रतिदिन रु एक लाख बराबरको कारोबार हुँदै आएको थियो।

यसैगरी, प्रिपेड कार्डबाट प्रतिकारोबार रु १० हजार बराबर मात्रै गर्न सकिनेछ। प्रतिदिन रु २० हजार बराबर मात्रै कारोबार गर्न सकिने र मासिक रूपमा रु दुई लाख बराबर कारोबार हुनेछ। प्रिपेड कार्डबाट हुने कारोबारमा भने कुनै संशोधन भएको छैन। क्रेडिट कार्डका हकमा स्वीकृत सीमाको १० प्रतिशतसम्म गर्न सकिने पुरानै व्यवस्था कायम छ।

## उपदान कोषको तीन अर्ब ७० करोड लगानी

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले उपदान कोषमा रहेको रु तीन अर्ब ७० करोड बराबरको रकम विभिन्न बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ। केन्द्रीय बैंकले एक सूचनामार्फत एक वर्षका लागि उपदान तथा पेन्सन कोषमा रहेको रकम लगानी गर्ने जनाएको हो।



सूचना अनुसार 'क' वर्गका वाणिज्य बैंकमा रु दुई अर्ब ९६ करोड, 'ख' वर्गका राष्ट्रियस्तरका विकास बैंकमा रु ५५ करोड ५० लाख, राष्ट्रियस्तरका वित्त कम्पनीमा रु १८ करोड ५० लाख बराबरको रकम लगानी गर्न लागिएको उल्लेख छ।

बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको दुई वर्ष पूरा भएको, बैंकबाट तोकिएको न्यूनतम कूल पुँजीकोष कायम रहेको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेको हुनुपर्ने जनाइएको छ।

बैंक तथा वित्तीय संस्था कर्जा निक्षेप अनुपात केन्द्रीय बैंकले निर्धारण गरेको सीमाभित्र रहेको, अघिल्लो आर्थिक वर्षको नाफा-नोक्सान हिसाबअनुसार खुद मुनाफामा रहेको हुनुपर्नेलगात सर्त पूरा गरेको हुनुपर्नेछ। साथै बैंक तथा वित्तीय संस्थाले उक्त रकम लिनका लागि प्रस्ताव गरिएको ब्याजदरसहित आवेदन दिन सूचनामा आग्रह गरिएको छ।

कर्पोरेट

### कुमारी बैंकले ल्यायो ग्रिन सेभिङ्गस डिपोजिट अकाउन्ट




**काठमाडौं (प्रस)–** कुमारी बैंकले ल्यायो ग्रिन सेभिङ्गस डिपोजिट खाता सञ्चालनमा ल्याएको छ। दिगो विकासका लक्ष्यहरू प्राप्तीका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई आफ्नो सेवा, सुविधा, प्रक्रिया तथा व्यवसायिक साझेदारीहरू मार्फत टेवा पुऱ्याउन अग्रसर कुमारी बैंकले ग्रिन सेभिङ्गस डिपोजिट अकाउन्ट नामक निक्षेप योजना ल्याएको हो।

'एक खाता एक रुख' सिद्धान्तमा आधारित यो योजना अन्तर्गत खोलिने हरेक खाता बापत एक रुख बैंकका तर्फबाट रोपिने हुनाले प्रत्येक निक्षेपकर्ताहरूको पर्यावरण संरक्षण तथा प्रवर्द्धनमा अप्रत्यक्षरूपमा सहभागिता रहनुका साथै खातावालहरूले निम्नानुसारका आकर्षक सुविधाहरू समेत प्राप्त गर्नेछन्।

उक्त योजनाअन्तर्गत साधारण बचत खाताको भन्दा ०.२५ प्रतिशत अधिक ब्याजदर पाइनेछ भने एक लाख सम्मको बिमा सुविधा, दुई वर्ष सम्म निःशुल्क मोबाइल बैंकिङ्ग सेवा, दुई लाख सम्मको फोनलोन सुविधा (योग्यता अनुसार), यस योजना अन्तर्गत खोलिएका प्रत्येक खाता बापत एक रुख रोपिने जनाइएको छ।

यस योजनाबाट संकलन हुने निक्षेपलाई दिगो विकास प्रवर्द्धन गर्ने, पर्यावरणलाई सकरात्मक प्रभाव सृजना गर्ने क्षेत्रहरूमा कर्जा प्रवाह गर्ने तथा प्रत्येक खाता बापत एक रुख रोप्ने भएकोले यस अभ्यासबाट वातावरण संरक्षणमा दोहोरो प्रभाव सृजना हुने बैंकका दिगो बैकिङ्ग विभागका प्रमुख अर्पण पौडेलले बताएका छन्। बैंकले सबै शाखाहरूमा यो योजना उपलब्ध गराएको छ र इच्छुक ग्राहकहरूले बैंकको वेबसाईट वा नजिकको शाखामा सम्पर्क गरी विस्तृत जानकारी लिन सक्नेछन्।

### श्लोक हिमालयन प्रिमियम ह्विस्की बजारमा

**काठमाडौं (प्रस)–** हिमालयन डिस्टिलरी लिमिटेडले बहु प्रतिक्षित 'श्लोक हिमालयन प्रिमियम ह्विस्की' बजारमा ल्याएको छ। कम्पनीले हाललाई काठमाडौंका प्रमुख स्टोरहरूमा यो नयाँ प्रिमियम ह्विस्की उपलब्ध गराएको जनाएको छ।




कम्पनीका अनुसार यो व्हिस्की उत्कृष्ट शिल्पकौशलको प्रतीक हो। क्वेरकस आल्बा काठका ब्यारेलमा परिपक्व गरिएको यो ह्विस्कीमा मह, भ्यानिला, क्यारेमेल र स्मोकी फ्लेबरको स्वाद र सुगन्धको सन्तुलित मिश्रण पाइन्छ। हिमालयन डिस्टिलरीका अनुसार यो ह्विस्कीले परम्परा र आधुनिकताको समिश्रण झल्काउँछ।

कम्पनीका अनुसार श्लोकमा प्रयोग हुने मदिराको विकासमा करिब पाँच वर्षको समय र ४०० भन्दा बढी नमुना परीक्षण गरिएको थियो। 'श्लोक' एउटा स्वाद मात्र होइन, एउटा कथा, प्रत्येक सिपसँग उत्पन्न हुने विशिष्ट अनुभव र उत्कृष्टताको अनुभूति रहेको कम्पनीको भनाई छ। हाल ७५० मि.ली., १८० मि.ली. र ९० मि.ली. गरी तीन वटा साइजमा उपलब्ध छ र सो को मूल्य क्रमस रु २,८६०, रु ७१५ र रु ३६० रहेको छ।

## च्यांग्रापालनबाट वार्षिक पाँच लाख आम्दानी

**मुस्ताङ (प्रस)–** हिजोआज यहाँका मासु पसलमा च्यांग्राको मासु प्रतिकिलो रु एक हजार ३०० छ। यो मूल्य सुन्दा धेरैलाई लाग्न सक्छ रु एक हजार लगानी गरेर च्यांग्रापालन सम्भव होला र ? तर यहाँको घरपझोङ गाउँपालिका-४ जोमसोमका पूर्णबहादुर नेपालीले पाँच वर्षअघि एक हजार लगानी गरेर च्यांग्रापालन सुरु गरेका थिए।

हिमाली उपआयोजनाले उद्यमशीलता गर्न चाहने व्यक्तिहरूलाई अनुदान सहुलियत दिन थालेपछि नेपाली र दलित समुदायका केही व्यक्तिहरू त्यहाँ पुगेका थिए। घरपझोङ-४ जोमसोमका ३० घरपरिवारले सामूहिक च्यांग्रापालन गर्ने प्रस्ताव गरे। आयोजनाले सो प्रस्ताव पारित गऱ्यो र अनुदान सुनिश्चित गऱ्यो।

पूर्णबहादुरसहित दलित समुदायका ३० घरधुरीले प्रतिघरधुरीका लागि तीन/तीनवटा च्यांग्राको माउ (रमा) पाए। एक घरधुरीलाई च्यांग्रा खरिद गर्दा लाभग्राही घरधुरीले रु एक हजार तिरे। बाँकी रकम उपआयोजनाले अनुदान सहयोग गऱ्यो। सुरुमा ३० घरधुरीका दलित समुदायले सगोलमा नै च्यांग्रापालन गरे। तर, सामूहिक रूपमा च्यांग्रापालन गर्न कठिनाइ भयो। कतिपय च्यांग्राहरू हराउने र मर्न थाले। एक वर्ष नपुग्दै अनुदानमा खरिद गरिएको च्यांग्राको संख्या घट्दै जान थालेपछि उनीहरूले एक्लाएक्लै बाँडेर पाल्ने निर्णय गरे। पूर्णबहादुरले सगोलबाट भागबन्डा गरी लिँदा भागमा दुईवटा पऱ्यो।

पूर्णबहादुरको भागमा परेको दुईवटा च्यांग्रामा १० वटा थपेर १२ वटा पुऱ्याए। त्यसपछि सुरु भयो पूर्णबहादुरको च्यांग्रापालनको व्यवसायिक यात्रा। उनको च्यांग्रापालन अहिले लोभलाग्दो छ। उनको फार्ममा हाल १३० बढी च्यांग्रा छन्। यसै वर्ष मात्र पूर्णबहादुरले २० वटाभन्दा च्यांग्रा रु ४० हजार मूल्यमा बिक्री गरे। उनी भन्छन्, 'पाल्न त धेरै पनि सकिन्थ्यो, तर हिउँचितुवा र अन्य वन्यजन्तुबाट बचाउन गाह्रो पर्छ।'

उनले च्यांग्रापालनका लागि एक जना गोठाले पनि राखेका छन्। उनीसँगै च्यांग्रापालन सुरु गरेका ३० घरधुरीमध्ये हाल सात घरधुरीले मात्रै च्यांग्रापालन गरिरहेका छन्। च्यांग्रापालनको मुख्य उद्देश्य मल उत्पादन र पाठीपाठी उत्पादन गर्नु हो। हाल बर्सेनि २०० झोपा मल बिक्री गरी रु दुई लाख बढी आम्दानी गर्ने गरेको पूर्णबहादुर बताउँछन्। उनले भने, 'मल बिक्री गरेको पैसाले दाना किन्न र गोठालेलाई दिने खर्च उठ्छ, अरू सबै मुनाफा हुन्छ।' औसतमा वार्षिक रु पाँच लाख बढी आम्दानी हुने गरेको पूर्णबहादुरको भनाइ छ। पछिल्लो समय जलवायु परिवर्तन र वन्यजन्तुको जोखिमका कारण धेरैले च्यांग्रापालन व्यवसाय छाडेको अवस्थामा आफूले कृषि कर्मसँगै पशुपालनलाई निरन्तरता दिने प्रतिबद्धता उनको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ